

# नेपाल प्रहरी
# रणनीतिक योजना २०८३-२०८५

नेपाल प्रहरी प्रधान कार्यालय

नक्साल, काठमाडौं

स्वीकृत।
प्र.म.नि.
२०८३/०१/१६ गते।

# चुस्त प्रहरी सेवा - सुरक्षित समुदाय

## Smart Policing — Safer Community

# नेपाल प्रहरी

## रणनीतिक योजना, २०८३-२०८५

सुप्रबल जनसेवा श्री
प्रहरी महानिरीक्षक दान बहादुर कार्की
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल, काठमाडौं

## प्रहरी महानिरीक्षकको भनाई

आफ्नो स्थापना कालदेखि नै विधिको शासन स्थापना गर्न र आम जनमानसको सुरक्षामा अहोरात्र खटिएको नेपाल प्रहरी अर्को रणनीतिक योजनासहित व्यावसायिक यात्राको एक महत्त्वपूर्ण र गतिशील चरणमा प्रवेश गरेको छ । विक्रम संवत् २०१२ सालको प्रहरी ऐनमार्फत संस्थागत स्वरूप ग्रहण गरेयता यस संगठनले शान्ति सुरक्षा, अपराध नियन्त्रण र न्याय सम्पादनमा अहम् भूमिका खेल्दै आएको सर्वविदितै छ । त्यस्तै, समयको परिवर्तनसँगै विकसित नयाँ सुरक्षा चुनौती, अपराधका बदलिँदा स्वरूप र आम नागरिकको बढ्दो अपेक्षालाई सम्बोधन गर्न नेपाल प्रहरीले पनि आफूमा निरन्तर परिमार्जन गर्दै आइरहेको छ । यसै सिलसिलामा, विगतका अनुभवहरूलाई समेट्दै र हालसम्म प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै आगामी तीन वर्षका लागि मार्गदर्शक दस्तावेजको रूपमा **'नेपाल प्रहरीको रणनीतिक योजना २०८३-०८५'** तर्जुमा गरी कार्यान्वयनको चरणमा ल्याइएको छ ।

यस रणनीतिक योजनाको निर्माण केवल प्रशासनिक अभ्यासको निरन्तरता मात्र नभई नेपाल प्रहरीको संकल्पको प्रतिविम्ब पनि हो । यसलाई पूर्णता दिने क्रममा सांगठनिक सामर्थ्य र थप सुदृढ गर्नुपर्ने पक्ष तथा विषयवस्तुहरूको वस्तुगत विश्लेषण गर्नुका साथै सम्भावित चुनौतीहरूको समेत पहिचान गरिएको छ । नेपाल सरकारबाट व्यक्त भएको प्रतिबद्धताको मर्मलाई समेत आत्मसात् गर्दै तयार गरिएको यस रणनीतिक योजनामा सुरक्षा विज्ञ, सरोकारवाला निकाय र विभिन्न तहका प्रहरी अधिकृतहरूको अमूल्य सुझावलाई पनि समावेश गरिएको छ । साथै, अघिल्लो कार्ययोजनाले हाँसिल गरेको उपलब्धिले नयाँ योजना कार्यान्वयनका लागि थप ऊर्जा र आत्मविश्वास प्रदान गरेको छ ।

सातवटा प्रमुख स्तम्भहरूलाई आधार मानेर तयार गरिएको यस रणनीतिक योजनाले प्रहरी सेवालाई थप उत्तरदायी र नतिजामुखी बनाउने लक्ष्य लिइएको छ । सांगठनिक सुधारदेखि लिएर कार्यसम्पादनमा पारदर्शिता ल्याउने, विशिष्टीकृत प्रहरी परिचालनमार्फत विपद् व्यवस्थापन गर्ने र 'समुदाय-प्रहरी साझेदारी' को माध्यमबाट अपराध नियन्त्रण गरिने छ । प्रमाणमा आधारित अनुसन्धान पद्धतिलाई सुदृढ बनाउँदै वैज्ञानिक प्रविधिको उच्चतम् प्रयोगमार्फत न्याय प्रणालीलाई अझ सबल बनाउनु संगठनको प्राथमिकता रहनेछ । त्यसैगरी, प्रहरी कर्मचारीहरूको मनोबल उच्च राख्न प्रहरी कल्याण र व्यावसायिक वृत्ति विकासका अवसरहरू सिर्जना गर्ने, ती अवसरहरूको उपलब्धतामा निष्पक्षता र पारदर्शीता सुनिश्चित गर्दै आधुनिक भौतिक पूर्वाधारमा लगानी बढाउने विषयलाई पनि यस योजनाले विशेष महत्त्व दिएको छ ।

युगको माग अनुसार सूचना प्रविधि र विशेषगरी कृत्रिम बुद्धिमता (AI) लाई संगठनको कार्यप्रणालीमा मूल प्रवाहीकरण गर्ने योजना अघि सारिएको छ । यसले प्रहरी सेवालाई चुस्त, शीघ्र र नागरिकको सहज पहुँचभित्र पुऱ्याउन निर्णायक भूमिका खेल्नेछ । प्रहरी सेवाको केन्द्रबिन्दुमा सँधै आम नागरिक रहनेछन् भन्ने नागरिक केन्द्रित प्रहरी सेवाको मर्मलाई हृदयंगम गर्दै यो रणनीतिक योजनाले नेपाल प्रहरीको छवि अझ भरपर्दो र जनप्रिय संगठनको रूपमा स्थापना गर्ने विश्वास लिएको छु । यस ऐतिहासिक यात्रामा प्रत्यक्ष र परोक्ष रूपमा संलग्न सबैमा आभार व्यक्त गर्दै रणनीतिक योजनाको पूर्ण सफलताका लागि सकल दर्जालाई आ-आफ्नो जिम्मेवारी बोध गर्दै कृतसंकल्पित रहन निर्देशित गर्दछु ।

२०८३ वैशाख ०४ गते

प्रहरी महानिरीक्षक
(दान बहादुर कार्की)

# संक्षिप्त शब्दावली (Acronyms and Abbreviations)

| Short form | Full form |
|---|---|
| **ABIS** | - Automated Biometric Identification System |
| **ADB** | - Asian Development Bank |
| **AFIS** | - Automated Fingerprint Identification System |
| **CAP** | - Crime Action Plan |
| **CCTV** | - Closed-Circuit Television |
| **CERT** | - Computer Emergency Response Team |
| **CFD** | - Case File Digitization |
| **CRS** | - Criminal Record System |
| **CPEX** | - Command Post Exercise |
| **CPP** | - Community-Police Partnership |
| **DDoS** | - Distributed Denial of Service |
| **DIRS** | - Daily Incident Reporting System |
| **DLP** | - Data Loss Prevention |
| **DSS** | - Decision Support System |
| **E-Governance** | - Electronic Governance |
| **EHS** | - Extended Health Service |
| **FCDO** | - Foreign, Commonwealth and Development Office |
| **FPU** | - Formed Police Unit |
| **GIS** | - Geographic Information System |
| **HF** | - High Frequency |
| **HMIS** | - Hospital Management Information System |
| **KOICA** | - Korea International Cooperation Agency |
| **MOU** | - Memorandum of Understanding |
| **NDPS** | - Narcotic Drugs and Psychotropic Substances |
| **NPS** | - Novel Psychoactive Substances |
| **O&M** | - Organization and Management |
| **OPCR** | - Online Police Clearance Report |
| **ORMS** | - Online Recruitment Management System |
| **PMIS** | - Personnel Management Information System |
| **QR Code** | - Quick Response Code |
| **RPA** | - Remotely Piloted Aircraft |
| **SBEX** | - Simulation Based Exercise |
| **SGBV** | - Sexual and Gender-Based Violence |
| **SOC** | - Security Operations Centre |
| **SOCO** | - Scene of Crime Officers |
| **SWOC** | - Strengths, Weaknesses, Opportunities, and Challenges |
| **TCA** | - Traffic Communication Application |
| **TVRS** | - Traffic Violation Reporting System |
| **UHF** | - Ultra-High Frequency |
| **VHF** | - Very High Frequency |

# विषय-सूची


**परिच्छेद-१ : परिचय ___ २**

१.१. पृष्ठभूमि ___ २

१.२. योजना तर्जुमाका विधि ___ २

**परिच्छेद २: नेपाल प्रहरीको कार्यसञ्चालन सन्दर्भ (Operational Context) ___ ४**

२.१. संवैधानिक तथा कानूनी व्यवस्था ___ ४

२.२. काम, कर्तव्य र अधिकार ___ ४

२.३. नेपाल प्रहरी सम्बन्धी मुख्य तथ्यहरू (Key Facts) ___ ५

१.४ नेपाल प्रहरीको सामर्थ्य, कमजोरी, मौका तथा चुनौतीहरूको विश्लेषण (SWOC Analysis) ___ ७

**परिच्छेद ३: नेपाल प्रहरी कार्ययोजना २०८० को समीक्षा ___ ९**

३.१. परिचय ___ ९

३.२. लक्ष्य र उपलब्धि बीचको अन्तर ___ ९

३.३. लक्ष्य र उपलब्धिबीचको अन्तरका कारण र प्रभावको विश्लेषण ___ १०

३.४. योजना कार्यान्वयनमा देखिएका मूलभूत समस्याहरू ___ ११

**परिच्छेद ४: नेपाल प्रहरीको रणनीतिक ढाँचा (Strategic Framework) ___ १३**

४.१ आदर्श वाक्य, दूरदृष्टि, अनुष्ठान, मूल मान्यताहरू र नारा ___ १३

४.२ रणनीतिक क्षेत्रहरू (Strategic Pillars/Areas) ___ १३

४.३ रणनीतिक मार्गचित्र (Strategic Roadmap) ___ १४

४.४ मानव अधिकारमैत्री नागरिक केन्द्रित प्रहरी सेवा ___ १५

४.५ रणनीतिक लक्ष्य, रूपान्तरणकारी रणनीति र मुख्य कार्यक्रमहरू ___ १६

४.५.१ रणनीतिक क्षेत्र १ – नीति, योजना र अन्तर्राष्ट्रिय समन्वय ___ १६

४.५.२ रणनीतिक क्षेत्र २ – शान्ति सुरक्षा, प्रहरी कारबाही र विपद् व्यवस्थापन ___ १९

४.५.३ रणनीतिक क्षेत्र ३ – अपराध रोकथाम तथा नियन्त्रण ___ २२

४.५.४ रणनीतिक क्षेत्र ४ – अपराध अनुसन्धान ___ २५

४.५.५ रणनीतिक क्षेत्र ५ – मानव स्रोत विकास (भर्ना, विकास र उत्प्रेरणा) ___ २९

४.५.६ रणनीतिक क्षेत्र ६ - भौतिक पूर्वाधार, स्रोत साधन तथा सहायता सेवाहरू ___ ३४

४.५.७ रणनीतिक क्षेत्र ७ - सूचना प्रविधि ___ ३७

**परिच्छेद ५: नतिजाको ढाँचा, कार्यान्वयन र अनुगमन ___ ४०**

५.१. नतिजाको ढाँचा (Result Framework) ___ ४०

५.२ कार्यान्वयन जोखिम न्यूनीकरणका उपायहरू ___ ४५

५.३ कार्यान्वयन, अनुगमन र मूल्याङ्कन ___ ४५

# परिच्छेद-१ : परिचय

## १.१. पृष्ठभूमि

विक्रम सम्वत् २०१२ सालमा प्रहरी ऐनद्वारा वैधानिक स्थापना पश्चात् भएको नेपाल प्रहरी संगठन, अपराध नियन्त्रण तथा अनुसन्धानको माध्यमबाट मुलुकमा शान्ति सुव्यवस्था कायम गरी जनताको जीउधन तथा वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्ने अग्रणी निकायको रूपमा कर्तव्य निर्वाह गर्दै आइरहेको छ । नेपाल प्रहरीको उल्लिखित जिम्मेवारी नेपालको संविधान; प्रहरी ऐन, २०१२; प्रहरी नियमावली, २०७१; नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण तथा समन्वय) ऐन, २०७६ लगायत अन्य कानूनहरूद्वारा निर्देशित गरेको छ । मुलुकमा आएको राजनीतिक परिवर्तन र यसले अवलम्बन गरेको प्रणालीहरू, बदलिँदो सामाजिक-आर्थिक परिवेश, अपराधका नयाँ आयामहरू, प्रविधिको विकासले निम्त्याएका अवसर र चुनौतीहरू आदिलाई मध्यनजर गर्दै जनअपेक्षा अनुरूपको सेवा प्रवाहका लागि निरन्तर प्रयास गर्दै आएको छ ।

नेपाल प्रहरीले आफ्नो सांगठनिक विकास तथा बिस्तार र प्रभावकारी सेवा प्रवाहका लागि निश्चित लक्ष्य सहितको योजना तर्जुमा र कार्यान्वयनको इतिहास खासै लामो नभएतापनि विगत दुई दशकभन्दा अघिबाटै आवधिक योजना निर्माणको प्रयास सुरु भएको थियो । नेपाल प्रहरीको विगतमा प्रमुख योजनाहरू 'नेपाल प्रहरीको कार्यनीतिक योजना २०५९-२०६४', 'नेपाल प्रहरीको त्रिवर्षीय रणनीतिक योजना २०७०-०७२', 'नेपाल प्रहरीको पञ्चवर्षीय रणनीतिक योजना २०७३-०७८', 'नेपाल प्रहरीको कार्ययोजना २०७९' र 'नेपाल प्रहरीको कार्ययोजना २०८०-०८२' रहेका छन् ।

गत आर्थिक वर्षसम्मको 'नेपाल प्रहरी कार्ययोजना २०८०-८२' को समीक्षा गर्दै सांगठनिक सुदृढीकरणको संस्थागत प्रयासहरूको दिगोपनाका लागि तथा परिवर्तित सन्दर्भ अनुरूपका सुधारका आवश्यकताहरूलाई योजनाबद्ध रूपमा कार्यान्वयन गर्नका लागि मार्गदर्शक दस्तावेजको रूपमा यो 'नेपाल प्रहरीको रणनीतिक कार्ययोजना २०८३-०८५' विकास गरिएको हो ।

## १.२. योजना तर्जुमाका विधि

यस रणनीतिक योजना तर्जुमा गर्ने क्रममा अवधारणा निर्माण, सूचना सङ्कलन तथा विश्लेषण र लक्ष्य, रणनीतिक उद्देश्य तथा क्रियाकलापहरू निर्धारण गरी अन्तिम रूप दिने क्रममा देहाय बमोजिमका विधि अवलम्बन गरिएको छ ।

(क) रणनीतिक योजनाको मस्यौदा तयारीका लागि समिति गठन,

(ख) दिगो विकास लक्ष्य, सोह्रौं योजना, नेपाल सरकारका प्राथमिकताका क्षेत्रहरू, नेपाल सरकारको नीति तथा कार्यक्रम, आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२, गृह प्रशासन सुधार कार्ययोजना, बजेट कार्यान्वयन कार्ययोजना (Milestone) लगायत सन्दर्भ सामग्रीहरूको अध्ययन,

(ग) नेपाल सरकारको शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरू,

(घ) नेपाल प्रहरी दीर्घकालीन रूपान्तरण अवधारणा प्रतिवेदन, २०७८, विगतका रणनीतिक योजनाहरू, Crime Action Plan (CAP), वार्षिक कार्ययोजना लगायत सन्दर्भ सामग्रीको समीक्षा तथा विश्लेषण,

(ङ) नेपाल प्रहरीको जिम्मेवारीसम्बन्धी विद्यमान अवस्थाको विश्लेषण,

(च) नेपाल प्रहरीको सामर्थ्य र कमजोरी तथा अवसर र चुनौतीको विश्लेषण (SWOC Analysis),

(छ) पूर्व वरिष्ठ प्रहरी अधिकृतहरू, सरोकारवाला तथा सम्बद्ध पक्षसँग छलफल गरी प्राप्त सुझावहरूको विश्लेषण,

(ज) विभिन्न विभागहरू, प्रशिक्षण प्रदायक प्रहरी एकाइहरू, प्रदेश प्रहरी कार्यालयहरू तथा अन्तर्गतका कार्यालयहरू लगायतद्वारा रणनीतिक योजनाका लागि प्रस्ताव गरिएका क्रियाकलापहरूको अध्ययन,

(झ) प्रथम महिला प्रहरी सम्मेलन २०८२ को घोषणा पत्रको अध्ययन,

(ञ) अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको तेस्रो राष्ट्रिय सम्मेलन, २०८२ को घोषणा पत्रको अध्ययन,

(ट) नेपाल प्रहरी रणनीतिक सम्मेलन, २०८२ आयोजना गरी सहभागी वरिष्ठ प्रहरी अधिकृतहरू र विभिन्न विषय विज्ञहरूद्वारा रणनीतिक योजनाको लागि प्राप्त सुझावहरूको अध्ययन।

# परिच्छेद २: नेपाल प्रहरीको कार्यसञ्चालन सन्दर्भ (Operational Context)

## २.१. संवैधानिक तथा कानूनी व्यवस्था

समाजको विकास र बिस्तारसँगै अमन चयन कायम गर्ने कुनै न कुनै संयन्त्र परिचालित भइआएको र समयक्रमसँगै त्यसै संयन्त्रको विकसित रूप नै प्रहरी संगठन हो। नेपालको इतिहास हेर्दा पनि धेरै अघिदेखि नै तत्कालीन समाजमा प्रहरी कार्य गर्ने निकाय रहेको मानिए पनि लिच्छिवि कालदेखि शान्ति सुरक्षा एवम् अपराध नियन्त्रणका सम्बन्धमा आधारभूत व्यवस्था गरिएको अभिलेखहरूमा पाइन्छ । लिच्छवि प्रशासन अन्तर्गत शान्ति सुरक्षा लगायत दण्डनीतिमा धर्मशास्त्रलाई निर्णायक मानिएको देखिन्छ। त्यसबेलामा सुरक्षाका सम्बन्धमा व्यवस्था गर्न कौटिल्यको अर्थशास्त्र, मनुस्मृति लगायत अन्य ग्रन्थहरूलाई आधार बनाएको पाइन्छ । तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाको पालामा विक्रम सम्वत् १९१३ सालमा जारी भएको 'मधेश सवाल', वीर शमशेरको पालामा विक्रम सम्वत् १९५२ मा जारी गरिएको 'पुलिश गोश्वारा सवाल' तथा त्यस पश्चात् जारी विभिन्न सवालहरूलाई प्रहरीको सम्बन्धमा भएका प्रारम्भिक कानूनी व्यवस्थाको रूपमा लिइन्छ।

२००७ सालको परिवर्तन पश्चात् नेपालको प्रशासनिक सुधारका लागि तत्कालीन अवस्थालाई अध्ययन गरी बुच कमिशनले दिएको प्रतिवेदनअनुसार प्रहरी व्यवस्थालाई समयानुकूल सुधार र व्यवस्थित गर्नेतर्फ विशेष ध्यान गएको देखिन्छ। प्रहरी ऐन, २०१२ र त्यसलगत्तै लागु भएको नेपाल पुलिस फोर्स नियमावली, २०१५ ले नेपाल प्रहरीको विधिवत् स्थापना गरी अपराध अनुसन्धान र शान्ति सुव्यवस्थाको जिम्मेवारी प्रदान गरेकोले नेपाल प्रहरी संगठनको इतिहासमा यसलाई कोशेढुङ्गाको रूपमा लिइन्छ । "प्रहरी फोर्सको गठन गर्न र त्यसलाई अपराध रोक्ने र पत्ता लगाउने सुयोग्य साधन बनाई शान्ति र व्यवस्था कायम राख्न आवश्यक देखिएकोले" भन्ने प्रहरी ऐन, २०१२ को प्रस्तावनाले नेपाल प्रहरीको सांगठनिक उद्देश्य स्पष्ट पारेको छ।

नेपालको संविधानको धारा २६८ को प्रावधानले केन्द्रमा 'नेपाल प्रहरी' र प्रत्येक प्रदेशमा 'प्रदेश प्रहरी' रहने तथा नेपाल प्रहरी र प्रदेश प्रहरीले गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय संघीय कानून बमोजिम हुने व्यवस्था गरेको छ । त्यसरी, नेपाल प्रहरीले सम्पादन गर्ने कार्यहरू तथा संगठनलाई सुम्पिएको जिम्मेवारीहरू प्रहरी ऐन, २०१२, प्रहरी समायोजन ऐन, २०७६, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण तथा समन्वय) ऐन, २०७६ र प्रहरी नियमावली २०७१ बाट निर्देशित छन्।

## २.२. काम, कर्तव्य र अधिकार

प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली, २०७१ र नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लगायत विभिन्न कानूनहरूद्वरा निर्दिष्ट गरे बमोजिम नेपाल प्रहरीको प्रमुख काम, कर्तव्य र अधिकार निम्न रहेका छन्:

| | |
|---|---|
| १. | मुलुकभर शान्ति सुरक्षा कायम राख्ने र अपराधको रोकथाम तथा नियन्त्रण गर्ने, |
| २. | प्रचलित कानून बमोजिम फौजदारी कसुरहरूको अनुसन्धान गर्ने, |
| ३. | महत्त्वपूर्ण व्यक्ति, स्थान, निकाय, राष्ट्रिय महत्त्वका आयोजना, अन्तर्राष्ट्रिय विमानस्थल, राष्ट्रिय राजमार्ग तथा विदेशी कुटनीतिक नियोगको सुरक्षा गर्ने, |
| ४. | सार्वजनिक सुरक्षा व्यवस्था, अपराध, साम्प्रदायिक वा सामाजिक विद्वेष वा कुनै प्रकारको अतिवादसँग सम्बन्धित सूचना सङ्कलन गर्ने, त्यस्तो सूचना नेपाल सरकारलाई उपलब्ध गराउने र सोको नियन्त्रणका लागि आवश्यकता अनुसार परिचालित हुने, |
| ५. | मुलुकभरको सुरक्षा अवस्थाको सूचना सङ्कलन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक कार्यहरू अवलम्बन गर्ने, |
| ६. | ट्राफिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने, |
| ७. | विपद्का समयमा उद्धार, राहत, पुनर्स्थापना लगायतका विपद् व्यवस्थापन सम्बन्धी कामका लागि विपद् प्रभावित जुनसुकै क्षेत्रमा परिचालित हुने र आवश्यक समन्वय गर्ने, |
| ८. | संयुक्त राष्ट्रसङ्घीय मिशन तथा शान्ति स्थापना सम्बन्धी अन्तर्राष्ट्रिय अन्य मिशनहरूमा सहभागी हुने, |
| ९. | अपराध सम्बन्धी राष्ट्रिय अभिलेखको व्यवस्था गर्ने, |
| १०. | मानवअधिकारको रक्षा, शान्ति र सुव्यवस्था एवम् अमनचयन कायम गरी सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने, |
| ११. | अपराध रोकथाम, अनुसन्धान तथा नियन्त्रण सम्बन्धमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय तहमा समन्वय र पारस्परिक सहयोगको आदान प्रदान गर्ने, |
| १२. | संगठनको व्यावसायिकता बढाई उच्चस्तरको कार्यसम्पादनका लागि आवश्यकताअनुसार हातहतियार, खरखजाना र सञ्चार साधनको व्यवस्था मिलाउने, |
| १३. | नेपाल सरकारले तोकेका र प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम अन्य कार्यहरू गर्ने गराउने। |

## २.३. नेपाल प्रहरी सम्बन्धी मुख्य तथ्यहरू (Key Facts)

| क्र.स. | शीर्षक | विवरण | सङ्ख्या |
|---|---|---|---|
| १. | जनशक्ति विवरण | कुल दरबन्दी सङ्ख्या | ७९,५३१ |
| | | कार्यरत जनशक्ति सङ्ख्या | ७५,४५२ |
| | | कार्यरत महिला कर्मचारीको सङ्ख्या | ९,२९२ |
| | | कार्यरत महिला कर्मचारीको प्रतिशत | १२.३२ |
| २. | प्रहरी एकाइको विवरण | कुल स्थायी एकाइ | २,६६० |
| | | अस्थायी एकाइ | १,१३२ |
| | | नयाँ स्थापनाको लागि माग भएको प्रहरी एकाइ | ९५८ |
| | | स्तरवृद्धिको लागि माग भएका प्रहरी एकाइ | ४५८ |

| क्र.स. | शीर्षक | विवरण | सङ्ख्या |
|---|---|---|---|
| ३. | भौतिक पूर्वाधार | आफ्नै जग्गा भएका भवन नभएका प्रहरी एकाइ | ३३० |
| | | आफ्नै जग्गा तथा भवन नभएका प्रहरी एकाइ | ४६१ |
| | | आफ्नै भवन भएका महिला बालबालिका सेवा केन्द्र | ४६ |
| ४. | सवारी साधन | चारपाङ्ग्रे सवारी साधन (गह्रौं/हेवी) | ३५५ |
| | | चारपाङ्ग्रे सवारी साधन (हलुका/लाइट) | १७४६ |
| | | दुई पाङ्ग्रे सवार साधन (मोटर साइकल) | ३५५८ |
| ५. | वार्षिक कसुर दर्ता सङ्ख्या तथा पक्राउ सङ्ख्या | कुल मुद्दा दर्ता सङ्ख्या (आ.व. २०८१।८२) | ५८,४७२ |
| | | कुल पक्राउ सङ्ख्या (आ.व. २०८१।८२) | ४५,७८३ |
| | | फरार अभियुक्त पक्राउ सङ्ख्या (आ.व. २०८१।८२) | २४,३८२ |
| ६. | शान्ति सुरक्षाको लागि प्राप्त अनुरोध | प्रहरीको १०० नम्बरमा आउने टेलिफोन कल सङ्ख्या (आ.व. २०८१।८२) | ४७,२९,८०१ |
| | | शान्ति सुरक्षाको लागि प्राप्त निवेदन सङ्ख्या (आ.व. २०८१।८२) | १,०५,८४९ |
| ७. | प्रहरी कर्मचारीको अवकाश विवरण | यस आ.व.मा अवकाश हुनेको सङ्ख्या (स्वेच्छिक तथा अनिवार्य अवकाश दुवै) | २,८९५ |
| | | यस आ.व.मा स्वेच्छिक अवकाश लिनेको सङ्ख्या | २,३७२ |
| | | दैनिक अवकाश लिनेको अनुपात (अनिवार्य अवकाश बाहेक) | ६ |
| ८. | दैनिक घटना विवरण | DIRS मा अद्यावधिक भएको घटना सङ्ख्या (आ.व. २०८१।८२) | २,३०,९४२ |
| | | दैनिक घटना अनुपात | ६३२:७१ |
| ९. | नेपाल प्रहरीको App तथा Email प्रयोगकर्ता | App प्रयोगकर्ताको सङ्ख्या (नागरिक समेत) | १,४६,८२० |
| | | App प्रयोग गर्ने प्रहरी कर्मचारीको सङ्ख्या | ५६०२२ (बहालवाला) ५२६७ (पूर्व प्रहरी) |
| | | Email को प्रयोग (प्रहरी एकाइको लागि) | ३२६१ |
| | | Email को प्रयोग गर्ने प्रहरी कर्मचारीको सङ्ख्या | १०३६ |
| १०. | नेपाल प्रहरीको Intranet पहुँच | पहुँच भएको प्रहरी एकाइको सङ्ख्या | ३४७ |
| | | पहुँच भएको अनुसन्धान गर्ने प्रहरी एकाइ | २२३ |

## १.४ नेपाल प्रहरीको सामर्थ्य, कमजोरी, मौका तथा चुनौतीहरूको विश्लेषण (SWOC Analysis)

| | सबल पक्षहरू | सुधारका क्षेत्रहरू |
|---|---|---|
| | **सामर्थ्य (Strengths)** | **कमजोरी (Weaknesses)** |
| **आन्तरिक तत्वहरू** | • शान्ति सुव्यवस्था र कानून कार्यान्वयनमा अग्रणी निकाय,<br>• समुदायसँग साझेदारीको बृहत् सञ्जाल,<br>• अन्तर्राष्ट्रिय शान्तिमा योगदान र अनुभव,<br>• अन्तर्राष्ट्रिय प्रहरी सञ्जालमा आबद्धता र सहकार्य,<br>• सेवामा प्रतिबद्ध तालिम प्राप्त जनशक्तिको उपलब्धता,<br>• आम जनताका समस्याहरू समाधानको लागि तत्काल प्रतिक्रिया (Respond) गर्न सक्ने क्षमता,<br>• न्यून साधनस्रोतका बाबजुद उच्च प्रतिफल दिन सक्ने क्षमता,<br>• विशिष्टीकृत अनुसन्धान एकाइहरू,<br>• अन्य सुरक्षा निकायसँग सुदृढ सम्बन्ध ।<br>• सेवामा विविधिकरणको प्रयोग । | • भौतिक र प्रविधिगत साधनस्रोत र जनशक्तिको अपेक्षित विकास हुन नसक्नु,<br>• कार्यगत स्वायत्तता (Operational Autonomy) को अभ्यासमा चुनौतीहरू,<br>• स्पष्ट कार्य विवरण र वस्तुगत कार्यसम्पादन मूल्याङ्कन प्रणालीको अभाव,<br>• अनुमानयोग्य वृत्ति विकास प्रणालीको अभाव,<br>• सेवामा नैराश्यताको भावना वृद्धि तथा राजपत्र अनंकित समूहका प्रहरी कर्मचारीहरू अल्पकालमै सेवाबाट अलग हुने प्रवृत्तिमा वृद्धि,<br>• जन अपेक्षा र सुरक्षा चुनौतीहरू अनुरूप कार्य प्रक्रिया र सेवा प्रवाहमा सूचना प्रविधिको अवलम्वबन हुन नसक्नु,<br>• सेवा विशिष्टीकरणमा अपेक्षित प्रगतिको अभाव,<br>• प्रहरी तटस्थता, कर्तव्य परायणता, जवाफदेहिता तथा अनुचित राजनीतिक प्रभाव लगायतका सम्बन्धमा नागरिक समाजबाट निरन्तर प्रश्न, अविश्वास र नकारात्मक धारणा,<br>• रेजिमेन्टल प्रहरी प्रणालीको विरासतको निरन्तरता,<br>• संस्थागत एकता, सामूहिक भावना र भातृत्वको क्षयीकरण,<br>• कल्याणकारी कार्यहरूको सीमितता । |

| | मौका (Opportunities) | चुनौतीहरू (Challenges) |
| --- | --- | --- |
| बाह्य तत्वहरू | • प्रविधिको द्रुततर विकासलाई उपयोग गर्दै प्रहरी कार्यदक्षता र सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्न सकिने,<br>• आम जनताको प्रहरीमा पहुँचका माध्यमहरूका स्वरूप र क्षमताहरूमा व्यापक बिस्तार,<br>• नागरिक केन्द्रित प्रहरी सेवाको बढ्दो माग,<br>• स्थानीय तह र समुदायसँगको साझेदारीलाई उदाहरणीय रणनीतिको रूपमा विकास गर्ने सकिने सम्भावना,<br>• प्रहरी सेवाको बारेमा जनचासो र सरोकार बढ्दै जानु,<br>• प्रहरी सुधारमा राजनीतिक प्रतिबद्धता एवम् नेपाल प्रहरी सम्बन्धी कानूनहरूको माध्यमबाट प्रहरी संगठनको आधुनिकीकरण र नीतिगत सुधारको सम्भावना,<br>• अपराध अनुसन्धानमा अन्तर्राष्ट्रिय स्तरका विशिष्टीकृत एकाइहरू विकासको सम्भावना,<br>• अन्तर्राष्ट्रिय, क्षेत्रीय र द्विपक्षीय प्रहरी सहकार्य र सहयोगका सम्भावनामा व्यापकता। | • राज्य प्रणालीमा आएको व्यापक परिवर्तन व्यवस्थापन आफैंमा चुनौतीपूर्ण हुनु,<br>• समग्र राष्ट्रको जनसाङ्ख्यिक आयामहरूमा आएका परिवर्तनहरू,<br>• संविधान निर्माणपछिको प्रहरी व्यवस्थाको सङ्क्रमणकालीन परिस्थिति र कानूनी सीमितताहरू,<br>• राज्य पुनर्संरचनाको मर्म अनुरूप सांगठनिक पुनर्संरचना कार्यान्वयनको लागि आवश्यक पूर्वाधारहरूको अभाव,<br>• कानूनी र कार्यगत रूपमा प्रहरी संगठनको स्वायत्तताका सवालहरू,<br>• अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरमा बढ्दो अस्वस्थ राजनीतिक, आर्थिक र सैन्य प्रतिस्पर्धाद्वारा सिर्जना हुने भूराजनीतिक असर,<br>• सरकारका विभिन्न तहमा सहकार्य र समन्वयमा स्पष्ट खाकाको अभावका कारण सिर्जित परिस्थितिहरू,<br>• Cyber-enabled, Cyber-dependent, आर्थिक र सीमारहित अपराधहरूमा व्यापक वृद्धि,<br>• अपुष्ट र अनौपचारिक माध्यमबाट Misinformation र Disinformation को बढ्दो प्रवृत्ति। |


# परिच्छेद ३: नेपाल प्रहरी कार्ययोजना २०८० को समीक्षा

### ३.१. परिचय

नेपाल प्रहरीले प्रवाह गर्ने सेवाको प्रभावकारिता वृद्धि र आन्तरिक सुदृढीकरणद्वारा समग्र सांगठनिक विकास गर्दै जाने उद्देश्यस्वरूप 'नेपाल प्रहरी कार्ययोजना-२०८० (२०८०-०८२)' कार्यान्वयन गरिएको थियो । मुलुकभर शान्ति-सुव्यवस्था कायम राख्ने, अपराध रोकथाम र अनुसन्धानका लागि सेवा विशिष्टीकरण गर्ने, विशिष्टीकृत क्षमता अभिवृद्धि एवम् उच्च व्यावसायिकता विकास गरी प्रहरी सेवा प्रवाहको गुणस्तर वृद्धि गर्दै समग्र प्रहरी सङ्गठनको दीर्घकालीन विकास र रूपान्तरण गर्ने हेतुले तयार गरिएको यस कार्ययोजनामा १३ वटा मुख्य लक्ष्यहरू, ४० वटा कार्यगत उद्देश्यहरू र २०७ वटा क्रियाकलापहरू रहेका थिए।

### ३.२. लक्ष्य र उपलब्धि बीचको अन्तर

वार्षिक कार्ययोजना, २०८०-२०८२ को लक्ष्य र उपलब्धिबीचको अन्तरलाई देहाय बमोजिम प्रस्तुत रहेको थियो।




समग्रमा नेपाल प्रहरी कार्ययोजना २०८०-२०८२ को कुल प्रगति ९४.७२% रहेकोले यसलाई उल्लेखनीय मान्न सकिन्छ।

## ३.३. लक्ष्य र उपलब्धिबीचको अन्तरका कारण र प्रभावको विश्लेषण

### ३.३.१ नेपाल प्रहरी कार्ययोजना २०८० का प्रमुख उपलब्धिहरू

१. प्रहरी कर्मचारी समायोजनको सन्दर्भका १४ वटा नीति, निर्देशिका, मापदण्ड, कार्यादेश लगायतका प्रतिवेदनहरू निर्माण तथा नेपाल प्रहरीको आन्तरिक सुदृढीकरणका लागि ५० वटा निर्देशिका, मापदण्ड तथा कार्यादेशहरू निर्माण भई स्वीकृत भएको छ भने गुण्डागर्दी नियन्त्रण कार्ययोजना, विपद् व्यवस्थापन रणनीतिक योजना र लागु औषध नियन्त्रणको एकीकृत योजना तर्जुमा भई कार्यान्वयन भइरहेको छ। अपराध अनुसन्धान गर्ने कार्यालयहरूको अनुगमन मापदण्ड निर्माण तथा स्वीकृत भएको छ भने CAP कार्य योजना अनुरूप विशिष्टीकृत जनशक्ति व्यवस्थापन मापदण्ड तथा सूत्र परिचालन निर्देशिका तयार गरी तालुक मन्त्रालयमा स्वीकृतिको लागि पठाइएको छ । यसैगरी, नेपाल प्रहरीको इतिहास भाग-२ समेत यसै कार्ययोजनाअन्तर्गत प्रकाशन गरिएको छ।

२. प्रहरी चौकी स्तरसम्म ४०८ वटा विभिन्न वर्गीकृत सहायता कक्ष निर्माण गरिएका छन्। हतियार भएका सम्पूर्ण प्रहरी एकाइहरूमा Weapon Clearing Pit निर्माण गरिएको छ भने २,४९९ प्रहरी एकाइमा अग्नि नियन्त्रक सामाग्री व्यवस्थापन गरिएको छ।

३. Online Recruitment Management System विकास गरी प्रहरी अधिकृत दर्जाका भर्ना प्रक्रियाको आवेदन सङ्कलन कार्यको सुरुआत गरिएको, प्रहरी चारित्रिक प्रमाणपत्र अनलाइन मार्फत वितरण, PMIS को स्तरोन्नति र २२१ वटा अपराध अनुसन्धान गर्ने प्रहरी एकाइहरूमा Intranet बिस्तार गरिएको छ। यस्तै, Traffic Communication Application (TCA) को स्तरोन्नति गरी सञ्चालन भइरहेको छ। साइबर तथा सूचना सुरक्षा र सूचना प्रविधि प्रणालीको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यादेशको निर्माण गरी स्वीकृति भएको छ। प्रहरी हिरासतमा २४ सै घण्टा निगरानीको व्यवस्था गर्न २१४ वटा कार्यालयमा ९० दिनको अभिलेख भण्डारण गर्ने क्षमता सहितको CCTV को व्यवस्था गर्नुका साथै ४०८ हिरासतहरूमा पुस्तकालय निर्माण गरिएको छ।

४. आ.व. २०८१।०८२ मा समुदाय-प्रहरी साझेदारी अन्तर्गत १,००,९३५ वटा कार्यक्रमहरू सञ्चालन गरिएका थिए, जसबाट प्रत्यक्ष रूपमा ३६,००,०७९ जना लाभान्वित भएका छन्। यसैगरी आत्महत्या सम्बन्धी विस्तृत शोध तथा अध्ययन गरी आत्महत्या न्यूनीकरण कार्ययोजना बनाई कार्यान्वयन गरिएको छ।

५. नेपाल प्रहरीमा नेतृत्व विकासको लागि कोशेढुंगा मानिएको Police Leadership and Staff Course सञ्चालन सुरु गरिएको छ । प्रहरी निरीक्षक आधारभूत तालिमको पाठ्यक्रम परिमार्जन गरी प्रशिक्षणको क्रममा मामिला अध्ययन (Case study), SBEX र CPEX समावेश गर्न सोको मार्गदर्शन (Exercise Guidelines) तयार गरेर कार्यान्वयन गरिएको छ। सवारी साधन चेकजाँच गर्दा अवलम्बन गर्नुपर्ने निश्चित विधि (Standard Drill of Layout) र प्रहरी कार्यालयबाट हुने पत्राचार तथा पत्रव्यवहार कार्यविधि समेत निर्माण गरी स्वीकृति पश्चात् कार्यान्वयन भइरहेको छ। त्रिभुवन विश्वविद्यालयसँग सम्झौता गरी E-Library सञ्चालनमा गरिएको छ भने दिगो खेलकुद विकासको लागि योजना निर्माण तथा स्वीकृति पश्चात् खेलकुद पूर्वाधारको विकास तथा खेलकुद सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएको छ।

६. कार्ययोजनाको अवधिमा ४४ वटा भवन निर्माण सम्पन्न गर्ने लक्ष्य अनुसार ३५ वटा भवन निर्माण सम्पन्न भएको र बाँकी नौ वटा भवन निर्माणको ७२ प्रतिशत प्रगति भएको अवस्था छ। महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको लागि ADB को सहयोगमा निर्माणाधीन १० वटा भवनको ५० प्रतिशत र FCDO को सहयोगमा निर्माणाधीन ४ वटा भवनको ८५ प्रतिशत कार्य प्रगति रहेको छ। भारत सरकारको सहयोगमा निर्माण भइरहेको राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको पनौति परियोजनाको ६५% भौतिक प्रगति भएको तथा KOICA को सहयोगमा निर्माणाधीन साइबर ब्यूरोको भवन सम्पन्न हुने चरणमा रहेको छ।

७. प्रहरी अस्पतालबाट पूर्व प्रहरी कर्मचारीलाई बहालवाला सरह सेवा प्रदान गर्ने व्यवस्था एवम् बिस्तारित स्वास्थ्य सेवा Extended Health Service (EHS) सञ्चालन पश्चात् १,६३८ जना बिरामीले सेवा प्राप्त गरेका छन्। प्रहरीका मेसहरूमा विद्युतीय चुल्हो तथा राइस स्टीमरहरू जडान गरिनुका साथै व्यायामशालाहरूको निर्माण, शिशु स्याहार केन्द्र (Child Day Care Centre) निर्माण लगायत प्रहरी कार्यालयहरूको सौन्दर्यीकरण सहित नवप्रवर्तनात्मक कार्यहरू पनि यस कार्ययोजनाका प्रगतिको रूपमा लिइएको छ।

### ३.४. योजना कार्यान्वयनमा देखिएका मूलभूत समस्याहरू

१. सेवा विशिष्टीकरणको लागि प्रहरी कर्मचारीहरूलाई समूहिकृत गर्ने योजना प्रारम्भिक प्रगतिको चरणमा रहेको छ।

२. प्रहरी एकाइहरूको कार्य विवरण तयार गर्ने कार्य पूरा भए तापनि प्रहरी कर्मचारीहरू (प्रहरी कार्यालयहरूमा रहेका पदहरूको) कार्य विवरण तयार गरी कार्यान्वयन गर्ने कार्य बाँकी रहेको छ।

३. प्रहरी निरीक्षणालयको स्थापना र कार्यान्वयनद्वारा प्रहरी कार्यको प्रभावकारिता र कार्यदक्षता मापनको वस्तुगत विधि र संयन्त्रको परिकल्पनाले मूर्तरूप लिन सकेको छैन।

४. आर्थिक तथा वित्तीय अपराध अनुसन्धान ब्यूरोको स्थापना र सञ्चालन, विभिन्न मुलुकहरूमा प्रहरी सहचारी खटाउने लगायतका अत्यन्त संवेदनशील विषयहरू सम्बोधनको लागि जनशक्ति व्यवस्थापनका योजनाहरूमा संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत नहुँदा अपेक्षित प्रगति हाँसिल हुन सकेको छैन।

५. समुदाय-प्रहरी साझेदारी कार्यक्रमहरू लक्ष्यभन्दा अत्यधिक धेरै सञ्चालन भए तापनि ‘साझेदारीको अवधारणा अनुरूप यसका समितिहरूको गठन, पुनर्गठन र क्रियाशीलता अपेक्षित रूपमा हुन सकेको छैन। यसै गरी सामुदायिक कार्यक्रमहरूको अत्याधिक प्राथमिकतामा सचेतना अभिवृद्धिका कार्यक्रमहरू रहेका छन्। विद्यमान संयन्त्रहरूको उपयोगद्वारा समुदायसँग अन्तर्क्रिया गर्ने, समस्याहरूको पहिचान गर्ने र सहकार्य गरी समाधानका प्रयासहरू अवलम्बन गर्ने अभ्यासको अभाव रहेको छ।

६. वार्षिक ठूलो सङ्ख्यामा (करिब २५% - ५०% सम्म) प्रहरी कर्मचारीहरू प्रशिक्षित भए तापनि प्रशिक्षणको आवश्यकता पहिचान गरी व्यावहारिक सीप र क्षमता अभिवृद्धि गर्ने तथा प्रशिक्षणको प्रभावकारिता मूल्याङ्कन गरी निरन्तर रूपमा सुधार गर्ने प्रशिक्षण प्रणाली अवलम्बन गर्नु अपरिहार्य भइसकेको छ।

७. तथ्याङ्क विश्लेषणमा नयाँ प्रविधिहरू (Business Visualization) अवलम्बन गरिए तापनि अपराध र प्रहरी कार्यको विस्तृत विवरणहरू सङ्कलन, विश्लेषण र प्रभावकारिता मापन गर्न योग्य तथ्याङ्कीय प्रणाली विकास गर्नुपर्ने देखिन्छ।

८. विधिविज्ञान, अपराध अनुसन्धान, विपद् व्यवस्थापन लगायतका क्षेत्रहरूमा सेवा विशिष्टीकरण र बिस्तारलाई निरन्तरता दिनुपर्ने आवश्यकता रहेको छ।

९. तीव्र रूपमा वृद्धि भइरहेका आर्थिक तथा वित्तीय प्रकृतिका अपराध एवम् साइबर अपराधको प्रभावकारी रोकथाम, नियन्त्रण र अनुसन्धान गर्नका लागि आधारभूत र विशिष्टीकृत क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ।

# परिच्छेद ४: नेपाल प्रहरीको रणनीतिक ढाँचा (Strategic Framework)

## ४.१ आदर्श वाक्य, दूरदृष्टि, अनुष्ठान, मूल मान्यताहरू र नारा

### ४.१.१ आदर्श वाक्य

'सत्य सेवा सुरक्षणम्'

### ४.१.२ दूरदृष्टि (Vision)

'नागरिक केन्द्रित, स्वच्छ र व्यावसायिक प्रहरी सेवा'

### ४.१.३ अनुष्ठान (Mission)

'कानूनी राज्यको मूल अवधारणाबाट निर्दिष्ट प्रभावकारी अपराध नियन्त्रण र अनुसन्धान एवम् कानून कार्यान्वयनद्वारा समाजमा शान्ति, सुव्यवस्था एवम् सुरक्षा स्थापना गर्न प्रतिबद्ध राष्ट्रप्रति समर्पित स्वच्छ एवम् व्यावसायिक प्रहरी'

### ४.१.४ मूल मान्यताहरू (Core Values)

नेपाल प्रहरीको सङ्गठन सञ्चालन र सेवा प्रवाहमा देहायका मूल्यहरू (Values) को पालना हुनेछ।

(क) व्यावसायिकता

(ख) जनउत्तरदायी

(ग) समावेशिता

(घ) निष्ठा

(ङ) पारदर्शिता

(च) स्वच्छता र समानुभूति

(छ) इमानदारिता

(ज) मानवअधिकारप्रति प्रतिबद्धता

## ४.२ रणनीतिक क्षेत्रहरू (Strategic Pillars/Areas)

१. नीति, योजना र अन्तर्राष्ट्रिय समन्वय

२. शान्ति सुरक्षा, प्रहरी कारबाही र विपद् व्यवस्थापन

३. अपराध रोकथाम तथा नियन्त्रण

४. अपराध अनुसन्धान


५. मानवस्रोत विकास (भर्ना, विकास र उत्प्रेरणा)

६. भौतिक पूर्वाधार, स्रोत साधन तथा सहायता सेवाहरू (Enabling Services)

७. सूचना प्रविधि

### ४.३ रणनीतिक मार्गचित्र (Strategic Roadmap)

नागरिक केन्द्रित प्रहरी सेवा र प्रविधिमैत्री रूपान्तरणलाई मुख्य प्राथमिकतामा राखेर तयार गरिएको यस रणनीतिक योजनाको रणनीतिक विषय (Strategic Theme) 'चुस्त प्रहरी-सुरक्षित नागरिक (Smart Police for Safe Citizens)' तय गरिएको छ। यस रणनीतिक योजनाको कार्यान्वयनको माध्यमबाट नागरिक केन्द्रित प्रहरी सेवा, प्रविधिमैत्री रूपान्तरण, मानव अधिकारप्रति प्रतिबद्धता र उच्च व्यावसायिकता मार्फत नेपाल प्रहरीलाई अझ सक्षम, उत्तरदायी र भरोसायोग्य संस्थाका रूपमा स्थापित गर्दै निम्न उपलब्धि हाँसिल गर्ने लक्ष्य राखिएको छ।



### ४.४ मानव अधिकारमैत्री नागरिक केन्द्रित प्रहरी सेवा

मानव अधिकारको संरक्षण, संवर्द्धन र त्यसका लागि प्रभावकारी समन्वय गर्नु लोकतान्त्रिक प्रहरी संगठनको आधारभूत दायित्व हो । कानुनी शासनको कार्यान्वयन गर्ने प्रमुख निकायको रूपमा प्रहरी संगठनले नागरिकको मौलिक हक–अधिकारको सम्मान गर्दै शान्ति, सुरक्षा र न्याय सुनिश्चित गर्नुपर्छ । यस सन्दर्भमा मानव अधिकार केवल कानुनी दायित्व मात्र नभई प्रहरी सेवाको मूल मूल्य, कार्यसंस्कृति र व्यावसायिक आचरणको अभिन्न अंगका रूपमा स्थापित हुन आवश्यक हुन्छ । यही मान्यतालाई आत्मसात् गर्दै नेपाल प्रहरीले आफ्नो सम्पूर्ण कार्यप्रणालीलाई मानव अधिकारमैत्री, उत्तरदायी र पारदर्शी बनाउने दिशामा निरन्तर प्रयास गर्दै आएको छ ।

यस रणनीतिक योजनाले मानव अधिकारको संरक्षण र प्रवर्द्धनलाई केन्द्रमा राख्दै नागरिक केन्द्रित सेवा प्रवाहको स्पष्ट परिकल्पना गरेको छ । यस योजनाले प्रहरी सेवामा मानवीय संवेदनशीलता अभिवृद्धि गर्दै पीडितमैत्री, उत्तरदायी र समावेशी सेवाको विकासलाई प्राथमिकता दिएको छ । विशेषतः महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, अल्पसंख्यक तथा जोखिममा रहेका समूहहरू लगायत अभियुक्तको अधिकार संरक्षणलाई सुनिश्चित गर्ने दिशामा योजनाले विशेष जोड दिएको छ ।

त्यसैगरी, नागरिकसँगको सहकार्य र सहभागितामार्फत अपराध रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउने र अनुसन्धान प्रक्रियालाई प्रमाणमा आधारित, निष्पक्ष र मानव अधिकारसम्मत बनाउने लक्ष्य राखिएको छ । मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न निकायहरूसँगको समन्वय र सहकार्यलाई पनि विशेष प्राथमिकता दिइएको छ । यस रणनीतिक योजनाले देहाय बमोजिम मानवअधिकारमैत्री नागरिक केन्द्रित प्रहरी सेवा अभिवृद्धि गर्नेछः



### ४.५ रणनीतिक लक्ष्य, रूपान्तरणकारी रणनीति र मुख्य कार्यक्रमहरू

### ४.५.१ रणनीतिक क्षेत्र १ – नीति, योजना र अन्तर्राष्ट्रिय समन्वय

#### ४.५.१.१ वर्तमान अवस्था (Current Status)

प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ तथा नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ सङ्घीय संसदबाट पारित भइसकेको तथा नेपाल प्रहरी ऐन २०१२ प्रतिस्थापनको लागि नेपाल प्रहरी विधेयक समेत तत्कालको समयमा संसदीय प्रक्रियामा समेत गइसकेको अवस्थामा प्रहरीका मूलभूत व्यवस्थाहरूमा परिवर्तन र सुधारका सम्भावनाहरू रहेका छन्। सबै प्रदेशहरूका प्रहरी सम्बन्धी विधेयकहरू प्रदेश सभाबाट पारित भई प्रमाणीकरण समेत भइसकेको अवस्था रहेको छ। नेपाल प्रहरीले प्रहरी सम्बन्धी विधेयक, प्रदेश प्रहरीका कानूनहरू र अन्तरसम्बन्धित अन्य कानूनहरूको सन्दर्भमा संस्थागत राय सुझाव तयार गरी तालुक मन्त्रालय र सम्बद्ध संयन्त्रहरूमा सुधारको लागि पैरवी गर्दै आइरहेको छ।

योजनाबद्ध विकास र संस्थागत सुधारको प्रणालीलाई लामो समयदेखि नेपाल प्रहरीले अवलम्बन गर्दै आइरहेको छ। जसलाई नेपाल प्रहरी कार्ययोजना, २०८० पनि अवलम्बन गरेको थियो। यस कार्ययोजनाको कार्यान्वयनको क्रममा उल्लेख्य सङ्ख्यामा नीति र मापदण्डहरूको निर्माण भएको छ र तदनुरूप सुधारका पहलहरू समेत भएका छन्। नीति, कार्यक्रमहरूको कार्यान्वयनको स्तर तथा कार्यप्रभावकारिताको मापन गर्ने सन्दर्भमा प्रहरी ब्याटन, कार्यसम्पादन सम्झौता, आकस्मिक तथा नियमित अनुगमन मूल्याङ्कनका कार्यहरू हुँदै आइरहेका छन्। अन्तर्राष्ट्रिय प्रहरी सहकार्यको सन्दर्भमा संयुक्त राष्ट्र संघ, INTERPOL लगायतका बहुपक्षीय र द्विपक्षीय संयन्त्रहरूमा निरन्तर सहकार्य हुँदै आइरहेको छ।

#### ४.५.१.२ सुधारका क्षेत्रहरू (Critical Areas of Reform)

नेपाल प्रहरी सम्बन्धी विधेयक, प्रहरी नियमावली, प्रहरी सम्बन्धी अन्य संघीय कानूनहरू एवम् प्रादेशिक कानूनहरूको निरन्तर अध्ययन, विश्लेषण गरेर सबै तहका प्रहरी कर्मचारीहरूको सहभागिता र अपनत्व सुनिश्चित गरी निरन्तर रूपमा संस्थागत धारणा निर्माण गरेर अद्यावधिक गर्ने कार्य उच्च प्राथमिकतामा राख्नुपर्ने देखिन्छ। सांगठनिक संरचनाको सन्दर्भमा २०७८ सालपछि जनशक्ति थप गर्ने सम्बन्धमा उल्लेख्य प्रयासहरू भएतापनि अपेक्षाकृत प्रगति हुन सकेको छैन। यसका लागि नेपाल प्रहरीको विस्तृत संगठन तथा व्यवस्थापन सर्वेक्षणको आवश्यकता रहेको छ। अन्तर्देशीय र सीमारहित अपराधहरूद्वारा बढ्दो चुनौती लगायतका क्षेत्रमा प्रभावकारी समन्वयको लागि अन्तर्राष्ट्रिय तहमा उपस्थिति र प्रहरी सहकार्य अभिवृद्धि गरी प्रहरी कुटनीति (Policing Diplomacy) अवलम्बन गर्नुपर्ने देखिन्छ।

नीति निर्णयका प्रक्रियाहरूमा तथ्याङ्कको उपयोगको गर्ने पद्धतिलाई अझ परिमार्जित स्वरूपमा अवलम्बन गर्नुपर्ने देखिन्छ। संरचनागत रूपमा अनुगमनका विभिन्न संयन्त्रहरूले कार्य गरेतापनि एकाइगत र समग्रमा सांगठनिक कार्य प्रभावकारिता र कार्यदक्षता मापन गर्ने वस्तुगत मापदण्डहरूको विकास गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ। सुपरिवेक्षण तहका प्रहरी एकाइहरूबाट हुने अनुगमनमा दोहोरोपना (Duplication) हुन नदिने आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ।

### ४.५.१.३ रणनीतिक कार्यदिशा (Strategic Direction)

नेपाल प्रहरी संगठनको नीति, योजना र समन्वयका प्रणालीहरूमा सुधारका लागि आगामी तीन वर्षमा देहाय बमोजिमको लक्ष्य, रणनीति र प्रमुख कार्यक्रम रहने छन्।

**(क) रणनीतिक लक्ष्य १**

उपयुक्त संगठन संरचना, नीतिगत स्पष्टता, सुदृढ योजना प्रक्रिया र अन्तरसंस्थागत समन्वय मार्फत सुशासन प्रवर्द्धन गर्दै प्रहरी सेवालाई थप प्रभावकारी बनाउन व्यावसायिकता, पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्ने।

**(ख) रूपान्तरणकारी रणनीतिहरू (Transformative Strategies)**

१. सुशासन प्रवर्द्धनका लागि प्रहरी र फौजदारी न्याय प्रणाली सम्बन्धी कानूनी र नीतिगत व्यवस्थाहरूको आवश्यकताअनुसार परिमार्जनद्वारा सांगठनिक सुधार र अझ प्रभावकारी सेवा प्रवाहको लागि पहल गर्ने।

२. शान्ति सुरक्षा, अपराध रोकथाम, अनुसन्धान र प्रहरी प्रशासनका ज्वलन्त समस्याहरूको बारेमा शोध अन्वेषण गरी प्रमाणमा आधारित नीति (Evidence-based Policy Formulation) तथा तथ्यमा आधारित निर्णय प्रक्रिया (Informed Decision Making) को विकास गर्ने।

३. सुपरिवेक्षण र अनुगमन प्रणालीको सुदृढ संरचनागत व्यवस्था र वस्तुगत मापदण्ड विकास गरी कार्यान्वयन गर्ने।

४. अन्तर्राष्ट्रिय प्रहरी सहयोग, समन्वय र सहकार्यका लागि आवश्यक नीति समेत निर्माण गरी प्रभावकारी बनाउने।

**(ग) मुख्य कार्यक्रमहरू (Major Interventions)**

१. नेपाल प्रहरी सम्बन्धी कानूनहरूको सन्दर्भमा सहभागितामूलक रूपमा संस्थागत धारणा निर्माण गरी तालुक मन्त्रालय र सम्बद्ध संयन्त्रहरूमा पृष्ठपोषण गर्ने।

२. नेपाल प्रहरी तथा अन्य सरकारी निकायहरूबीच शान्ति सुरक्षा, भीड तथा दंगा नियन्त्रण लगायतका क्षेत्रमा देखिएको जिम्मेवारी र अधिकारको दोहोरोपना लाई अन्त्य गरी स्पष्ट कार्यविभाजन र जवाफदेहिता सुनिश्चित गर्न आवश्यक कानुनी संशोधन तथा नीतिगत पृष्ठपोषण प्रदान गर्ने।

३. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) सम्बन्धी तथ्याङ्क र अभिलेख व्यवस्थापनको लागि Software निर्माण गरी सांगठनिक संरचना, कार्य विवरण र जनशक्तिको वितरण सम्बन्धमा विस्तृत संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने।

४. Intranet-based Survey Tool समेतको विकासद्वारा नेपाल प्रहरीका नीतिगत तथा कार्यगत निर्णय प्रक्रियामा सहज हुने गरी Decision Support System (DSS) र Executive Information System कार्यान्वयन गर्ने।

५. प्रहरी सेवाका रणनीतिक तथा कार्यगत समस्याहरूको बारेमा शोध अध्ययन (Research) गरी जर्नल प्रकाशन गर्ने तथा सुधारका योजना निर्माण गर्ने ।

६. नेपाल प्रहरीका नीति तथा योजनाहरूमा निर्दिष्ट प्राथमिकता र क्रियाकलापहरूको राष्ट्रिय योजना आयोगको ढाँचा बमोजिम योजना बैंक (Project Bank) विकास गरी कार्यान्वयन गर्ने ।

७. नेपाल प्रहरी सङ्गठनभित्र जवाफदेहिता र पारदर्शिता कायम राख्न शून्य सहनशीलताको नीतिलाई कठोरतापूर्वक लागु गर्ने कार्यादेश सहितको प्रहरी निरीक्षणालय (Police Inspectorate) को व्यवस्था गर्ने ।

८. 'प्रहरी ब्याटन' र प्रदेश प्रहरी कार्यालयहरू लगायतका कार्यालयहरूको वार्षिक मूल्याङ्कनलाई कार्यसम्पादनमा आधारित वस्तुगत र पारदर्शी प्रणालीको रूपमा विकास गर्न नेपाल प्रहरीको अनुगमन तथा मूल्याङ्कन विधि निर्माण गरी कार्यान्वयन गर्ने ।

९. नेपाल प्रहरीको वैदेशिक सहायता परिचालन नीति तर्जुमा गरी वैदेशिक सहयोगहरूलाई नेपाल प्रहरीका रणनीति तथा प्राथमिकताका क्षेत्रहरूमा परिचालन गर्ने ।

१०. प्रहरी कार्य, अनुसन्धान र व्यवस्थापनका क्षेत्रहरूमा पारस्परिक सहयोगको आदानप्रदान र क्षमता अभिवृद्धिका लागि INTERPOL लगायतका अन्तर्राष्ट्रिय एवम् मित्र राष्ट्रका प्रहरी संगठनहरू एवम् व्यावसायिक संस्थाहरूसँग औपचारिक सम्बन्ध बिस्तार गर्ने एवम् अन्तर्राष्ट्रिय/ क्षेत्रीय तहका प्रहरी प्रशिक्षण, सम्मेलन वा कार्यशाला गोष्ठीको आयोजना गर्ने ।

११. विभिन्न मुलुकहरूमा प्रवासी नेपालीहरूको जनघनत्व र अपराध जोखिमको विस्तृत अध्ययन गरी अति संवेदनशील मुलुकहरूमा प्रहरी सहचारी (Police Attaché) राख्ने व्यवस्थाको लागि पहल गर्ने ।

१२. सीमा क्षेत्रमा प्रभावकारी सुरक्षा व्यवस्थापन र अपराध नियन्त्रणका लागि द्विदेशिय सुरक्षा संयन्त्रहरूबीच प्रभावकारी समन्वय र सहकार्य अभिवृद्धि गर्ने ।

१३. पारस्परिक कानूनी सहायता (Mutual Legal Assistance) लाई सहज, छिटो र प्रभावकारी रूपमा प्राप्त गर्ने व्यवस्थाका लागि पहल गर्ने ।

१४. संयुक्त राष्ट्रसंघका उच्च र व्यवस्थापकीय तह र FPU मा सहभागिता अभिवृद्धिका लागि आवश्यक नियम तर्जुमा, तयारीको सुनिश्चितता र क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने ।

१५. विशिष्टीकृत कार्यक्षेत्रहरू प्रहरी कार्य (Operation), अपराध अनुसन्धान र ट्राफिक व्यवस्थापनका राष्ट्रिय र प्रादेशिक तहका समीक्षा गोष्ठीहरू आयोजना गरी विषयगत समस्याहरूमा छलफल र असल अभ्यासहरूको आदान-प्रदान गरी प्रणालीगत सुधार गर्ने पद्धति विकास गर्ने ।

### ४.५.२ रणनीतिक क्षेत्र २ – शान्ति सुरक्षा, प्रहरी कारबाही र विपद् व्यवस्थापन

#### ४.५.२.१ वर्तमान अवस्था (Current Status)

नेपाल प्रहरीले स्थापनाकालदेखि नै शान्ति सुव्यवस्था कायम गर्ने, विपद् व्यवस्थापन गर्ने र आकस्मिक सहायता प्रदान गर्ने कार्य (प्रथम उद्धारक/ सहायताकर्ता/ First Responder) कार्य गर्दै आइरहेको छ । आर्थिक वर्ष २०८१।८२ मा मात्र नेपाल प्रहरीले आकस्मिक सहायता नम्बर १०० मा ४७,२९,८०१ वटा सहायता अनुरोध प्राप्त गरेको थियो । यसैगरी, त्यही वर्ष १,१०,२०४ वटा ठूला प्रकृति घटनाहरू सम्बोधन गरेको थियो भने ४,८८४ वटा विरोध प्रदर्शनका घटनाहरूमा सुरक्षा व्यवस्थापन गरेको थियो ।

प्रहरी कार्यको प्रभावकारिताका लागि कार्य विभाग, विपद् व्यवस्थापन कार्यालय, प्रदेश र उपत्यका प्रहरी कार्यालय, सशस्त्र प्रहरी गण, विशेष सुरक्षा गण, जिल्ला र अन्तर्गतका प्रहरी एकाइहरू रहेका छन् । विपद् व्यवस्थापनमा तालिम प्राप्त दक्ष जनशक्तिको उपलब्धता अत्यन्त न्यून (२,३७० जना) रहेको छ भने विशिष्टीकृत एकाइमा समेत प्रशिक्षित जनशक्तिको ५० प्रतिशत भन्दा कम रहेको छ । आकस्मिक सहायताका लागि नेपाल प्रहरीका निशुल्क टेलिफोन नम्बरहरू १०० (आकस्मिक), १०३ (ट्राफिक) र १०४ (बालबालिका खोजतलास) उपलब्ध छन् ।

सीमित साधनस्रोतका बाबजुद नेपाल प्रहरीले कानून कार्यान्वयन गर्ने सन्दर्भमा अत्यधिक संयमित र न्यून बलको प्रयोग गरेको छ । यसैगरी केन्द्रीय तहदेखि प्रादेशिक तहसम्म संसद र सरकारमा रहेका र विविध कारणले सुरक्षा संवेदनशीलता भएका अति विशिष्ट र विशिष्ट व्यक्तिहरूलाई सुरक्षा प्रदान गर्दै आइरहेको छ । साथै, महत्त्वपूर्ण प्रतिष्ठान र आयोजनाहरूको सुरक्षा व्यवस्थापनको जिम्मेवारी समेत निर्वाह गर्दै आइरहेको छ । समग्रमा नेपाल प्रहरीले आम सुरक्षा व्यवस्थापन र विशिष्ट जिम्मेवारीहरूलाई व्यावसायिक रूपमा निर्वाह गरिरहेको भएतापनि सुधारका क्षेत्रहरू पनि उल्लेखनीय रहेका छन् ।

#### ४.५.२.२ सुधारका क्षेत्रहरू (Critical Areas of Reform)

शान्ति सुरक्षामा खलल पर्न सक्ने परिस्थितिमा प्रहरीबाट कानून बमोजिम बल प्रयोग भएका घटनाहरूलाई हेर्दा कार्यगत तयारी (Operational Preparedness) र यस सम्बन्धी प्रशिक्षणलाई अझ सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ । साथै, मानव अधिकारको संरक्षणका दृष्टिकोणले गैह घातक हतियारहरूको तैनाथी वृद्धि गर्नुपर्ने देखिन्छ । विशिष्ट व्यक्तिहरूको सुरक्षाका लागि तोकिएको दरबन्दीको तुलनामा अत्यधिक जनशक्ति परिचालन गर्नुपरेको अवस्था छ भने त्यसमा खटिएका जनशक्तिको विशिष्टीकृत प्रशिक्षण पश्चात् पनि समय-समयमा पुनर्ताजगी तालिम दिई निरन्तर अदली-बदली समेत गरेर परिचालन गराउनु आवश्यक देखिन्छ ।

सवारी दुर्घटना र यसबाट हुने मानवीय क्षतिको वृद्धि अत्यन्त चिन्ताजनक रहेको छ । यसका लागि विशेष रणनीति बनाई एकीकृत रूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ । परम्परागत ढाँचामा सञ्चालन भइरहेका काठमाडौं उपत्यका बाहिरका आकस्मिक सहायता प्रणालीहरूलाई प्रविधिगत सुधार सहित सुदृढ गर्नु अत्यावश्यक रहेको छ ।

#### ४.५.२.३ रणनीतिक कार्यदिशा (Strategic Direction)

प्रहरी कार्यमा प्रभावकारिता अभिवृद्धिका लागि आगामी तीन वर्षमा देहाय बमोजिमका रणनीतिहरूको अवलम्बन गरी उल्लिखित प्रमुख कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**(क) रणनीतिक लक्ष्य २:**

प्रहरी परिचालन, कारबाही र विपद् व्यवस्थापनमा आधारभूत तथा विशिष्टीकृत क्षमता अभिवृद्धि गरी शान्ति सुव्यवस्था कायम र जनधनको सुरक्षा गर्ने।

**(ख) रूपान्तरणकारी रणनीतिहरू (Transformative Strategies)**

१. आकस्मिक सहायता र प्रहरी परिचालनलाई सुदृढीकरण गरी प्रहरी सहायता द्रुत र प्रभावकारी बनाउने।

२. प्रथम उद्धारक/ सहायताकर्ता (First Responder) को रूपमा नेपाल प्रहरीको विपद् उद्धार र प्रतिकार्य सम्बन्धी साधारण (General) तथा विशिष्टीकृत (Specialized) क्षमता अभिवृद्धि गर्ने।

३. प्रहरी कार्य गर्ने विशिष्टीकृत एकाइहरूको क्षमता अभिवृद्धिद्वारा कार्यगत तयारी (Operational Readiness) को अवस्था सुदृढ गर्ने।

४. प्रहरी कारबाहीहरूमा मानव अधिकारको संरक्षण, कानून बमोजिम बल प्रयोग र प्रहरी जवाफदेहिता अभिवृद्धि गर्दै विरोध प्रदर्शनको आवरणमा हुन सक्ने आपराधिक उपद्रवको नियन्त्रण र जनधनको क्षति न्यूनीकरण गर्ने।

५. जोखिमयुक्त सवारी चालकहरूको पहिचान र रोकथाम (Removing Risky Drivers from the Road), गति सीमितता (Speed Limit) लगायतका कानून कार्यान्वयन र सचेतना अभिवृद्धि समेतबाट सडक दुर्घटना र सम्बद्ध मानवीय क्षति न्यूनीकरण गर्ने।

**(ग) मुख्य कार्यक्रमहरू (Major Interventions)**

१. Computer Aided Dispatch सफ्टवेयर सहितको एकीकृत (सञ्चार प्रविधि, १००, १०३, आदि) र स्मार्ट कन्ट्रोल रूमको अवधारणालाई परिस्कृत गरी सबै जिल्ला प्रहरी कार्यालय/ परिसरहरूमा लागु गर्ने।

२. नेपाल प्रहरीको HF/VHF/UHF Radio Network लाई योजनाबद्ध रूपमा Digitalization गर्दै लैजाने।

३. प्रदेश तथा जिल्लास्तरमा रहेका CCTV सिस्टमलाई राष्ट्रिय CCTV Grid निर्माण गरी Smart CCTV Control System मा एकीकृत गर्दै कृत्रिम बौद्धिकता (Artificial Intelligence) मा आधारित निगरानी प्रणालीको विकास गर्ने।

४. प्रहरी निगरानी र प्रहरी कार्यमा सहायताको लागि RPA/Drone र Anti-Drone प्रणालीलाई प्रदेशस्तर सम्म बिस्तार गर्ने।

५. विपद् व्यवस्थापनका लागि सबै आधारभूत तालिमहरूमा कम्तीमा एक हप्ताको व्यावहारिक क्षमता विकास कार्यक्रम, विशिष्टीकृत एकाइहरूमा विशेष दस्ताहरू (Special Squads) को निर्माण र प्रहरी चौकी स्तरसम्म आधारभूत उपकरणहरूको सुनिश्चितता गर्ने।

६. भिड नियन्त्रणसम्बन्धी विशिष्टीकृत प्रशिक्षण क्षमता विकास, प्रशिक्षित र निर्दिष्ट जनशक्तिद्वारा मात्र बल प्रयोगको प्रणाली, बल प्रयोगका सबै घटनाहरूको जाँचबुझ तथा मूल्याङ्कन प्रणालीको विकास र नियमित अभ्यासका कार्यक्रमहरू सञ्चालन गर्ने।

७. नेपाल प्रहरी विशेष सुरक्षा गणहरू र प्रदेश प्रहरी गणहरूमा भिड नियन्त्रण र विपद् व्यवस्थापनको विशिष्टीकृत क्षमता विकास गर्ने ।

८. सवारी दुर्घटना र सम्बद्ध मानवीय क्षति न्यूनीकरणका लागि Blackspots हरूको Mapping गर्ने तथा Aggressive Driving लगायतका दुर्घटनाको जोखिम सिर्जना गर्ने सवारी चालकहरूको सवारी अनुमति पत्र निलम्बन सहितको योजना बनाई कार्यान्वयन गर्ने ।

### ४.५.३ रणनीतिक क्षेत्र ३ – अपराध रोकथाम तथा नियन्त्रण

#### ४.५.३.१ वर्तमान अवस्था (Current Status)

वि. सं. २०३८ सालमा छिमेकी प्रहरीको अवधारणाबाट सुरुआत भएको सामुदायिक प्रहरीको अभ्यास निरन्तर रूपमा परिष्कृत हुँदै २०७५ सालदेखि समुदाय-प्रहरी साझेदारी कार्यक्रमको रूपमा सञ्चालन भइरहेको छ। समुदाय प्रहरी साझेदारी कार्यक्रमले प्रहरी र समुदाय बीचको सम्बन्धलाई राष्ट्रव्यापी रूपमा विकास र निरन्तर बिस्तार गरेको छ। ७५३ वटै स्थानीय तहसँग समझदारी (MOU) भई हालसम्म नेपालभर २४,३५४ वटा समुदाय-प्रहरी साझेदारी समितिहरू गठन भई क्रियाशील रहेको अवस्था छ। कार्यक्रम लागु भएदेखि हालसम्मको अवस्थामा कुल ३,४०,३२० सामुदायिक कार्यक्रमहरू र ३९,५९१ विद्यालय सम्पर्क कार्यक्रमहरू सञ्चालन भएका छन् भने प्रत्यक्ष रूपमा १४,००९,९४८ जना समुदायका सदस्यहरू र २,२४८,१४९ जना विद्यार्थीहरू लाभान्वित भएका छन्। प्रहरी विद्यालय सम्पर्क कार्यक्रमलाई स्थानीय पाठ्यक्रममा समाविष्ट गर्नका लागि ४८३ स्थानीय तहसँग समझदारी समेत भएको अवस्था रहेको छ। पछिल्लो आर्थिक वर्षमा मात्र करीब ९०,००० भन्दा बढी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी ३२,६८,५६७ जान नागरिकहरूलाई सुरक्षा सचेतना प्रदान गरिएको छ।

यसका अतिरिक्त लैङ्गिक हिंसा नियन्त्रणका लागि २,६४५ लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समितिहरू तथा आत्महत्या न्यूनीकरण तथा व्यवस्थापनका लागि ४,३६७ वटा समितिहरू गठन भएका छन्। नागरिक सहायताको प्रयोजनका लागि नागरिक सहायता कक्ष, महिला सहायता कक्ष, दलित सहायता कक्षहरूको स्थापना गरी सेवा प्रवाहमा सहजता ल्याउने प्रयास गरिएको छ।

#### ४.५.३.२ सुधारका क्षेत्रहरू (Critical Areas of Reform)

प्रहरी नागरिक सहकार्यका धैरै माध्यमहरू स्थापित भएतापनि आधारभूत रूपमा अपराध रोकथाम र नियन्त्रणको वैज्ञानिक र व्यावहारिक दृष्टिकोणको अझै अभाव रहेको छ। राष्ट्रव्यापी रूपमा ठूलो सञ्जालद्वारा समुदायको सक्रिय सहभागितामा असाधारण सङ्ख्यामा सामुदायिक सुरक्षा सचेतना सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएका छन्। तर सामुदायिक प्रहरीको आधारभूत लक्ष्य 'समस्याहरूको समाधान (Problem Solving)' गर्ने दिशामा यस कार्यक्रमलाई अपेक्षाकृत रूपमा निर्दिष्ट गर्न सकिएको छैन।

अपराध अनुसन्धानको लागि जस्तै अपराध रोकथाम र नियन्त्रणका लागि पनि प्रहरी परिचालनको विद्यमान प्रणालीलाई दिशानिर्देश गर्नु अपरिहार्य भैसकेको छ। विद्यमान अवस्थामा समुदाय-प्रहरी साझेदारी समिति, लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल, आत्महत्या न्यूनीकरण तथा व्यवस्थापन समिति जस्ता एकै प्रकृतिका समुदायसँगका संयन्त्रहरू गठन भई सञ्चालनमा रहेका छन्। संयन्त्रहरू गठन हुने तर सक्रियताको स्तर अपेक्षाकृत नहुने भएका कारण धैरै सङ्ख्यामा संयन्त्रहरू गठन गर्नेभन्दा दिगो रूपमा प्रभावकारी हुन सक्ने तवरले प्रहरी र समुदाय बीचका संयन्त्रहरूको पुनरावलोकन गर्दै गुणात्मक सुधार गर्नु आवश्यक देखिन्छ।

#### ४.५.३.३ रणनीतिक कार्यदिशा (Strategic Direction)

अपराधको रोकथाम र नियन्त्रणको प्रणालीगत सुधारका लागि आगामी तीन वर्षमा देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गरी उल्लिखित प्रमुख कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**(क) रणनीतिक लक्ष्य ३:**

जनसहभागिता र नागरिकसँगको समन्वयलाई प्रवर्द्धन गर्दै समुदाय-प्रहरी साझेदारी र समस्या केन्द्रित प्रहरी सेवा (Problem-oriented Policing) को माध्यमबाट अपराधको रोकथाम तथा नियन्त्रण गर्ने।

**(ख) रूपान्तरणकारी रणनीतिहरू (Transformative Strategies)**

१. विद्यमान समुदाय प्रहरी साझेदारी कार्यक्रममा समस्या केन्द्रित प्रहरी सेवा (Problem-oriented Policing) समेतलाई एकीकृत (Integrate) गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

२. पूर्वानुमानमूलक प्रहरी कार्य (Predictive Policing) क्रमशः स्थापित गर्नका लागि प्रहरी कारबाही, सेवा प्रवाह तथा अपराध न्यूनीकरण र अनुसन्धानमा प्रविधि र कृत्रिम बौद्धिकताको उपयोग गर्ने।

३. एकल वा उच्च जोखिमका क्षेत्रहरूमा रहेका ज्येष्ठ नागरिकहरूको सुरक्षाका लागि योजनाबद्ध कार्यक्रम विकास गरी कार्यान्वयन गर्ने।

४. नागरिक सहायता, सहकार्य र पृष्ठपोषणका प्रणालीहरूको एकीकरण र सुदृढीकरण गर्ने।

**(ग) मुख्य कार्यक्रमहरू (Major Interventions)**

१. समुदाय-प्रहरी साझेदारी कार्यक्रमको सामयिक पुनरावलोकनद्वारा नीतिगत र संरचनागत सुधार गरी स्थानीय अपराधको प्रकृति तथा प्रवृत्ति र समस्याहरूको प्राथमिकता अनुरूप Problem-oriented Policing कार्यान्वयन गर्ने।

२. नेपाल प्रहरीको स्थानीय तह-प्रहरी-विद्यालय सम्पर्क कार्यक्रमका पाठ्यसामाग्रीहरू आवश्यकता अनुसार संशोधन गरी राष्ट्रिय र कम्तीमा ५०% स्थानीय तहका पाठ्यक्रमहरूमा समावेश गर्न समन्वय गर्ने।

३. जेन-जी (Gen-Z) लगायतका नवयुवा पुस्ताहरूको अभिरूचि र जोखिमको निरन्तर विश्लेषण गर्दै सामाजिक सञ्जाल लगायतका प्रविधि-निर्देशित (Tech-driven) सञ्चार, अन्तरक्रिया र सहकार्यका माध्यमहरूको विकास गरी कार्यान्वयन गर्ने।

४. अपराध रोकथाम, विपद् व्यवस्थापन, सडक सुरक्षा र समग्रमा सामुदायिक सुरक्षा अभिवृद्धिका लागि स्थानीय तह र सामाजिक संघ संस्थाहरूसँगको समन्वयमा राष्ट्रव्यापी रूपमा कम्तीमा ५०,००० स्वयंसेवकहरूको रोष्टर सहितको प्रणाली (Volunteer System) निर्माण गरी प्रशिक्षित/अनुशिक्षित र परिचालन गर्ने।

५. अपराधका प्रकृति र प्रवृत्ति बारे सूचना, विपद्का पूर्व चेतावनी (Early Warning) र सचेतनाका लागि लक्षित समूह केन्द्रित आम सञ्चार (Mass Communication) का प्रणालीहरू विकास गरी कार्यान्वयन गर्ने।

६. अपराध र घटनाहरूको GIS Mapping गर्ने प्रणालीको विकास र कार्यान्वयन समेतबाट सबै प्रहरी एकाइहरूबाट Crime/ Incident Hotspots मा आधारित प्रहरी परिचालनको पद्धति अवलम्बन गर्ने।

७. स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग, स्थानीय तह र सम्बद्ध निकायसँगको सहकार्यमा Drug Detection, Drug Initiation Prevention, अभिभावक केन्द्रित कार्यक्रम र दुर्व्यसनीहरूको पुनर्स्थापनाको न्यूनतम् कार्यक्रम सहित एकीकृत योजना विकास गरी लागु औषध सम्बन्धी अपराधको नियन्त्रण गर्ने।

८. लागु औषध तथा मनोद्विपक पदार्थ (NDPS) तथा नियन्त्रित पदार्थ (Controlled Substances) सम्बन्धी Novel Psychoactive Substances (NPS) को Early Warning System विकसित गर्ने।

९. कृत्रिम बौद्धिकताको प्रयोग गरी विभिन्न स्रोतद्वारा प्राप्त सूचनाको उन्नत विश्लेषणमार्फत रियल टाइम इन्टलिजेन्स तथा प्रोएक्टिभ इन्टेलिजेन्स उत्पादन गर्दै कृत्रिम बौद्धिकताको दुरूपयोग पहिचान र सम्भावित अपराधिक जोखिमको निगरानी गरी राष्ट्रिय सुरक्षा एवम् मानव अधिकारको संरक्षणलाई प्रभावकारी बनाउन उपयुक्त एकाइ स्थापना गर्ने।

१०. ज्येष्ठ नागरिकहरू (विशेष गरी एकल वा उच्च जोखिममा रहेका) को हरेक प्रहरी एकाइमा विवरण, अनिवार्य रूपमा आवधिक भेटघाट र नियमित सूचना प्रणालीको न्यूनतम् कार्यक्रम सहितको विशेष सुरक्षा मार्गदर्शन निर्माण गरी कार्यान्वयन गर्ने।

११. प्रहरी कार्यालयहरूमा रहेको नागरिक सहायता कक्षको सबलीकरण गरी तालिम प्राप्त 'नागरिक सहजकर्ता' (प्रहरी कर्मचारी) द्वारा सेवाग्राहीलाई सहजीकरण गरी सेवा प्रवाहलाई अझ सहज र प्रभावकारी बनाउने।

### ४.५.४ रणनीतिक क्षेत्र ४ – अपराध अनुसन्धान

### ४.५.४.१ वर्तमान अवस्था (Current Status)

नेपाल प्रहरीको प्रमुख जिम्मेवारी मध्येको प्रमुख कार्य 'अपराध अनुसन्धान' गर्नका लागि मुलुकभर २२५ वटा कार्यालयहरू निर्दिष्ट गरिएका छन् । जसमा ३,८९४ जना अनुसन्धानकर्ता प्रहरी कर्मचारीहरू कार्यरत (कुल कार्यरत जनशक्तिको ५.२०%) रहेका छन्, जुन CAP को अवधारणा अनुरूप हुनुपर्ने सङ्ख्या (१०%) भन्दा झण्डै आधा मात्र हो । जघन्य अपराध, लागु औषध, साइबर अपराध र मानव बेचबिखन नियन्त्रण र अनुसन्धानका लागि विशिष्टीकृत ब्यूरोहरूले प्रभावकारी रूपमा कार्य सम्पादन गरिरहेका छन् । साथै, आर्थिक तथा वित्तीय अपराध नियन्त्रणका लागि विशिष्टीकृत ब्यूरो स्थापनाको पहल भइरहेको छ ।

गत आर्थिक वर्षमा नेपाल प्रहरीले १,४१,६७१ फौजदारी कसुरहरूको अनुसन्धान गरी ५८,४७२ उजुरीको व्यवस्थापन र ८३,१९९ उजुरीको समाधान गरेको थियो । गत आर्थिक वर्षमा कुल ४५,७८३ जना अभियुक्तहरू र अन्य २४,३८२ जना फरार कसुरदारहरूलाई पक्राउ गरी आवश्यक कानूनी कारबाहीको दायरामा ल्याइएको थियो । सीमित साधनस्रोतका बाबजुद प्रणालीगत सुधार र प्रभावकारी अनुसन्धानका प्रयासहरूमा कुनै कमी आउन दिइएको छैन ।

चौंथो अपराध नियन्त्रण योजना (CAP-IV) कार्यान्वयन भई नै रहेको छ भने केन्द्रीय विधिविज्ञान प्रयोगशाला, AFIS प्रणालीको बिस्तार, Digital Forensic Lab, Polygraph, Voice Spectrum Analysis, Scene of Crime Officers (SOCO), तालिम प्राप्त केनाइन (Canine) जस्ता प्राविधिक सहायता प्रणालीहरू विद्यमान समेत रहेका छन् ।

हिरासत कक्षहरूको समयानुकूल सुदृढीकरणको प्रयास निरन्तर छ, जसलाई नेपाल प्रहरी कार्ययोजना, २०८० को कार्यान्वयन पश्चात् अपराध अनुसन्धान गर्ने सबै प्रहरी एकाइहरूमा ९० दिनको अभिलेख सहितको CCTV प्रणाली स्थापनाबाट अझ सुदृढ गराइएको छ । अपराधको केन्द्रीय अभिलेखालय, CRS र Case File Digitization को प्रणालीगत सुधारको लागि निरन्तर प्रयास भइरहेको छ ।

### ४.५.४.२ सुधारका क्षेत्रहरू (Critical Areas of Reform)

अपराध अनुसन्धानको सेवा विशिष्टीकरणमा अपेक्षित प्रगति हुन नसक्नु, अनुसन्धानकर्ताहरूको मनोबलमा भइरहेको ह्रास र अत्यधिक कार्यबोझ, विधिविज्ञान (Forensics) क्षमताको सीमितताको कारण भौतिक सबुत प्रमाणको परीक्षणमा भइरहेको ढिलाई, आधारभूत अनुसन्धानात्मक संरचनाहरूको क्षमता विकासको आवश्यकता, लगायतका विषयहरू प्रमुख चुनौतीको रूपमा देखा परेका छन् भने आर्थिक तथा वित्तीय अपराध, लागु औषध र सीमारहित Cyber enabled र Cyber-dependent अपराधहरूद्वारा सिर्जित जखिमको तुलनामा सम्बोधन गर्न सक्ने विशिष्टीकृत र आम क्षमता (Specialized and General Capacity) विकासको अभाव जस्ता चुनौतीहरू समेत यस रणनीतिक योजनाले सम्बोधन गर्नुपर्ने देखिन्छ ।

गत आर्थिक वर्षमा साइबर सम्बन्धी उजुरीहरूको सङ्ख्या १८,९२६ प्राप्त भएको तर दर्ता भएको कसूरहरूको सङ्ख्या केवल ११२ मात्र रहेकोले साइबर अपराधहरूको अत्यन्त ठूलो समस्या र अपराधीको पहिचानमा गम्भीर चुनौती रहेको दर्शाउँदछ । यसैगरी गत आर्थिक वर्षमै कुल दर्ता भएको कसुरको सङ्ख्यामध्ये आर्थिक र वित्तीय कसूरहरू १६,०९६ वटा रहेका छन् । यसले समाजमा आर्थिक अपचलन र ठगीका घटनाहरूमा भएको उल्लेखनीय समस्या र तदनुरूपको प्रहरी क्षमताको आवश्यतातर्फ इङ्गित गर्दछ ।

### ४.५.४.३ रणनीतिक कार्यदिशा (Strategic Direction)

अपराधको अनुसन्धानमा प्रभावकारिताका लागि आगामी तीन वर्षमा देहाय बमोजिमका रणनीतिहरूको अवलम्बन तथा प्रमुख कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**(क) रणनीतिक लक्ष्य ४:**

प्रविधियुक्त, प्रमाणमुखी र सूचनामा आधारित (Intelligence-led) अनुसन्धानात्मक क्षमताको विकासद्वारा अपराध अनुसन्धानको प्रभावकारिता अभिवृद्धि गर्ने ।

**(ख) रूपान्तरणकारी रणनीतिहरू (Transformative Strategies)**

१. आधारभूत अपराध अनुसन्धान क्षमता, सहायता प्रणाली र हिरासत व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने ।

२. आर्थिक तथा वित्तीय अपराध, साइबर अपराध र जघन्य प्रकृतिका अपराध अनुसन्धानको विशिष्टीकृत र आधारभूत अनुसन्धानात्मक क्षमता अभिवृद्धि गर्ने ।

३. नेपाल प्रहरीको विधिविज्ञान (Forensics) क्षमता अभिवृद्धि तथा परीक्षण स्तरीकरण (Standardization) गरी अपराध अनुसन्धानमा प्रभावकारिता र कार्यकुशलता अभिवृद्धि गर्ने ।

४. फौजदारी न्याय प्रणालीका अङ्गहरूबीच (अनुसन्धान, अभियोजन र न्याय सम्पादन) को अन्तर्क्रियालाई संस्थागत गरी समस्या समाधानको संयन्त्रको रूपमा विकास गर्ने ।

५. पीडित, संरक्षक र साक्षी संरक्षणका लागि विशेष कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन गर्ने ।

६. महिला, बालबालिका र ज्येष्ठ नागरिक सेवा केन्द्रहरूको मापदण्ड निर्धारण गरी क्रमशः उत्कृष्ट केन्द्र (Centre of Excellence) को रूपमा विकास गर्दै लैजाने ।

७. वैकल्पिक समस्या समाधान (Alternative Dispute Resolution) का विधिलाई (आर्थिक अपराध, घरेलु हिंसा, आदि अपराधहरूको अनुसन्धानको क्रममा) प्रभावकारी रूपमा कार्यान्वयन गर्दै समस्याहरूको दिगो समाधानलाई प्राथमिकता दिने ।

**(ग) मुख्य कार्यक्रमहरू (Major Interventions)**

१. अपराध अनुसन्धान समूहमा कार्यरत प्रहरी कर्मचारीहरू (SOCO समेत) को घटनास्थल सुरक्षा, सबुत सङ्कलन, अन्तर्वार्ता, अनुसन्धानात्मक लिखत र मिसिल व्यवस्थापनका विषयहरूमा वार्षिक रूपमा अनिवार्य पुनर्ताजगी अभ्यास/ अनुशिक्षण सञ्चालन गर्ने ।

२. Intelligence-based Policing को अवधारणा अनुरूप सबै प्रदेशहरूमा सूचना विश्लेषण शाखाको स्थापना/ बिस्तार गर्ने ।

३. अदालतबाट निर्णय भई फैसला कार्यान्वयन गर्न बाँकी तथा चालु र पेण्डिङ्ग मुद्दाका अभियुक्त/ शंकितहरूको ट्र्याकिङ प्रणाली विकास गरी पक्राउ गर्ने ।

४. जटिल प्रकृतिका आर्थिक र वित्तीय अपराध, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी अपराधको प्रभावकारी अनुसन्धान गर्न केन्द्रीय तहमा विशिष्टीकृत अनुसन्धान एकाइको स्थापना र सुदृढीकरण तथा कसूरको अनुसन्धान गर्ने सबै एकाइहरूमा न्यूनतम् अनुसन्धान क्षमताको सुनिश्चित गर्ने।

५. अनलाइन माध्यमबाट हुने विभिन्न वित्तीय ठगीका घटनालाई तत्काल पत्ता लगाई ठगी हुन रोक्ने कार्यका लागि प्रहरी, राष्ट्र बैंक, बैंकहरू, दुरसंचार कम्पनीहरू तथा अनलाइन आर्थिक करोबार गर्ने प्लेटफर्महरू लगायतका निकायहरूको अधिकारी सम्मिलित Anti-Scam Centre स्थापनाको लागि पहल गर्ने।

६. सामाजिक सञ्जाल सेवा प्रदायक संस्थाहरूसँग अपराध अनुसन्धानको लागि आवश्यक पर्ने कार्यगत (Operational) विवरणहरू सहज रूपमा प्राप्त गर्न संयन्त्रगत व्यवस्था गरी Cyber-enabled र Cyber-dependent अपराधहरूको सूचना (उजुरी), पहिचान (Detection) र नियन्त्रणको दर वृद्धि गर्ने।

७. केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला र Digital Forensic Lab लाई कम्तीमा दुई वटा प्रदेशहरूमा बिस्तार गर्ने तथा विद्यमान एकाइहरूको सुदृढीकरण गरी सबुद प्रमाण परीक्षणको गुणात्मक र परिमाणात्मक सुधार गर्ने।

८. Automated Fingerprint Identification System (AFIS) को स्तरोन्नति गरी बिस्तारित (Finger/ Palm/ Face) Biometric अभिलेख सहितको Automated Biometric Identification System (ABIS) कार्यान्वयन गर्ने।

९. अपराध सम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापनको स्तरोन्नति र बिस्तार गर्ने।

१०. Daily Incident Reporting System (DIRS) लाई अद्यावधिक गरी विश्लेषण क्षमता बढाउने।

११. CFD (Case File Digitization) प्रणालीको स्तरोन्नति समेतद्वारा बाँकी (Pending) रहेका मिसिलहरूको डिजिटाइजेसन सम्पन्न गर्ने।

१२. हराएका तथा फेला परेका (Lost and Found) व्यक्ति (पहिचान नखुलेको लाश समेत), सवारी साधन, दस्तावेज (Document) र सामानहरूको एकीकृत सफ्टवेयर विकास गरी कार्यान्वयन गर्ने।

१३. Canine Breeding Centre को स्थापना र Breeder Dogs को प्रबन्धद्वारा उत्कृष्ट नश्लका केनाइन उत्पादनमा आत्मनिर्भर हुने।

१४. अपराध पीडित, संरक्षक र साक्षीको संरक्षणको लागि अपराध अनुसन्धान गर्ने प्रहरी एकाइहरूबाट आवधिक सम्पर्क र भेटघाट गरी सूचना/ पृष्ठपोषण प्रदान लिने र सुरक्षा प्रदान गर्ने प्रक्रिया समेतका न्यूनतम् कार्यक्रमहरू सहितको विधि निर्माण गरी कार्यान्वयन गर्ने।

१५. नमूना महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूको अवधारणा निर्माण गरी प्रारम्भिक चरणमा तीन वटा नमूना केन्द्रको विकास गरी क्रमश: अन्य केन्द्रहरूमा बिस्तार गर्ने।

१६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको प्रमुख र कर्मचारीहरूमा महिला प्रहरीहरूको पदस्थापनको दरलाई वृद्धि गर्ने ।

१७. लैङ्गिक हिंसाको पीडित उद्धार कोषलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूबाट प्रत्यक्ष र प्रभावकारी रूपमा परिचालन गर्ने व्यवस्थाको लागि पहल गर्ने ।

१८. सामान्य कसूर (तीन वर्षभन्दा कम सजायँ हुने कसूर) हरूको अनुसन्धानको क्रममा अभियुक्त/आरोपितलाई हिरासत बाहिर राखी वा राख्नु परेको अवस्थामा अत्यावश्यक र न्यूनतम् समयावधि मात्र राख्ने पद्धतिको अभ्यास गर्ने ।

१९. हिरासत व्यवस्थापन मार्गदर्शन, २०८१ को मापदण्ड अनुरूप सबै हिरासत कक्षहरूको भौतिक पूर्वाधार र अनुगमन प्रणाली सुदृढीकरण गरी प्रहरी हिरासतमा घट्न सक्ने मृत्यु (Custodial Death) का घटनाहरू र प्रहरी हिरासतबाट फरार हुने घटनाहरूलाई शून्य बनाउने ।

२०. थुनुवा स्थानान्तरण वा न्यायिक प्रक्रियाका क्रममा एक ठाउँबाट अर्को ठाउँमा जाँदा-आउँदा जघन्य अपराधका अभियुक्त वा शंकितहरूलाई निगरानीका लागि Tracing Device/Chip हरूको प्रयोग गर्ने ।

२१. विद्यमान अवस्थामा वार्षिक ५०० भन्दा बढी अपराध अनुसन्धान गर्ने कार्यबोझ रहेका २० वटा प्रहरी एकाइहरूमा Prisoner Van को व्यवस्थापन गर्ने ।

### ४.५.५ रणनीतिक क्षेत्र ५ – मानव स्रोत विकास (भर्ना, विकास र उत्प्रेरणा)

#### ४.५.५.१ वर्तमान अवस्था (Current Status)

समाजमा प्रभावकारी शान्ति सुव्यवस्था कायम गर्न हाल नेपाल प्रहरीमा ७९,५३१ जनाको दरबन्दी रहेको छ। जसमा प्राविधिक ५,६७९ जना र जनपदतर्फ ७३,८६२ जना रहेका छन्। कुल २,६६० प्रहरी एकाइहरूमा नेपाल प्रहरी अन्तर्गत २५४ वटा प्रहरी एकाइहरू रहेका छन्। यसैगरी, प्रदेश प्रहरी अन्तर्गत २,४०६ वटा प्रहरी एकाइहरू रहेका छन्। हाल नेपाल प्रहरीमा कार्यरत ७५,४५२ जना जनशक्तिमध्ये महिला प्रहरी कर्मचारीको सङ्ख्या ९,२९२ (१२.३२%) रहेको छ। दश वर्षअघि आर्थिक वर्ष २०७२।७३ मा महिला प्रहरी कर्मचारीको उपस्थिति ७.१२% रहेकोमा हाल उल्लेखनीय सङ्ख्यामा रहेको मान्न सकिन्छ।

विद्यमान संगठन संरचना तथा दरबन्दी विवरण अनुसार नेपाल प्रहरी तथा प्रदेश प्रहरी अन्तर्गत केन्द्रदेखि स्थानीयस्तरसम्म रहेका विभिन्न २,६६० प्रहरी एकाइहरूमा ७९,५४१ दरबन्दी रहेकोमा हाल ७४,९१० जना जनशक्ति कार्यरत रहेका छन्। विद्यमान समयमा प्रहरी कर्मचारीहरूको भर्ना, तालिम, सरुवा, बढुवा लगायत अन्य वृत्ति विकासका कार्यहरू प्रहरी ऐन २०१२, प्रहरी नियमावली, २०७१ लगायत विभिन्न समयमा निर्माण गरिएका कार्यविधि, निर्देशिका, मापदण्डहरूको आधारमा हुँदै आएको छ। प्रहरी कर्मचारीहरूलाई सेवा प्रवेश पश्चात् आधारभूत तथा उन्नत तालिमको व्यवस्था गरी कार्यदक्षता अभिवृद्धिका प्रयासहरू हुँदै आएका छन्।

आर्थिक वर्ष २०८०।०८१ मा ७४६ वटा तालिमहरू सञ्चालन भई कुल २४,११७ जना प्रहरी कर्मचारीहरू प्रशिक्षित भएका थिए भने आर्थिक वर्ष २०८१।८२ मा ८५० वटा तालिमहरू सञ्चालन गरी कुल २७,३०२ जना प्रहरी कर्मचारीहरू प्रशिक्षित गराइएको थियो। आर्थिक वर्ष २०८२/०८३ को तालिम क्यालेण्डर अनुसार हालसम्म ३७९ वटा विभिन्न तालिमद्वारा कुल १२,६६८ जना प्रहरी कर्मचारीहरू प्रशिक्षित गरिएको छ। तालिम क्यालेण्डर बाहेक अन्य निकाय र सरकारी एवम् गैह्र सरकारी तवरबाट आयोजना हुने तालिमहरूमा समेत उल्लेख्य सङ्ख्यामा प्रहरी कर्मचारीहरूले प्रशिक्षण प्राप्त गरिरहेको अवस्था छ।

परम्परागत रूपमा सञ्चालन भइरहेको तालिम प्रणालीलाई ShiFT (Shifting the Focus of the Training) को माध्यमबाट आधारभूत सुधार गरिएको थियो। नेपाल प्रहरीको प्रशिक्षण व्यवस्थापन मुख्यतया: केन्द्रीय प्रशिक्षण केन्द्रको रूपमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, चार वटा विशिष्टीकृत तालिम प्रदायक एकाइहरू (नेपाल प्रहरी स्टाफ कलेज, नेपाल प्रहरी शिक्षालय, भरतपुर, नेपाल प्रहरी अपराध अनुसन्धान विद्यालय र नेपाल प्रहरी युक्ति तालिम महाविद्यालय) एवम् सात वटा प्रदेश प्रहरी तालिम केन्द्रहरूबाट हुँदै आइरहेको छ। पछिल्लो आर्थिक वर्षको उपलब्धिको रूपमा रहेको नेपाल प्रहरी स्टाफ कलेजको स्थापना र सञ्चालन योग्यतामा आधारित एवम् अनुमानयोग्य वृत्ति विकास प्रणालीको सन्दर्भमा कोशेढुंगा (Milestone) को रूपमा रहने विश्वास लिइएको छ।

#### ४.५.५.२ सुधारका क्षेत्रहरू (Critical Areas of Reform)

सरुवाको मापदण्डको विकासले प्रहरी सरुवा प्रणालीलाई धेरै हदसम्म व्यवस्थित गरेको छ। तथापि अत्यन्त ठूलो सङ्ख्यामा काजमा रहने र अवधि पश्चात् समेत फिर्ता रवाना नहुने प्रवृत्ति समस्याको रूपमा रहेको छ। असाधारण परिस्थितिहरूमा बाहेक प्रहरी कर्मचारीहरूको नियमित सरुवा अनुमानयोग्य र यथासम्भव प्रहरी कर्मचारीको क्षमता र अभिरूचि अनुरूप बनाउनका लागि अझ सुधार गर्नुपर्ने आवश्यकता रहेको छ।

पछिल्लो छ वर्षमा कार्यगत क्षमता अभिवृद्धि गर्ने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण हुन नसक्नु, ठूलो सङ्ख्यामा स्थापना भएका अस्थायी प्रहरी चौकी/ एकाइहरूको कारण निश्चित मापदण्ड र प्रयोजनले स्थापना भएका प्रहरी एकाइहरूको कार्यगत क्षमता विभक्त भई प्रभावकारितामा ह्रास आउनु, केही प्राविधिक प्रकृतिका क्षेत्रहरूमा सेवा विशिष्टीकरणको अभ्यास अनुरूप प्रहरी कर्मचारीहरू समूहिकृत गरिएतापनि मूल प्रहरी कार्य (Core Policing Functions) हरूमा अपेक्षाकृत सेवा विशिष्टीकरण हुन नसक्नु प्रमुख समस्याको रूपमा रहेका छन्।

विद्यमान भर्ना प्रक्रियाको समयावधि र जटिलताको कारण औसत करीब ५,००० जनशक्ति (६.२५%) को निरन्तर रिक्तताको अत्यन्त जटिल अवस्थामा नेपाल प्रहरीले कार्य गरिरहेको छ। जनशक्तिको यो रिक्तता कर्णाली प्रदेशभरको लागि निर्धारित कुल जनशक्ति (५,४५८ जना) को हाराहारीमा रहेको छ। यसर्थ समयानुकूल जनशक्ति थप्नु मात्र प्राथमिकता होइन, निर्धारित जनशक्तिको उपयुक्त र सामयिक व्यवस्थापन पनि टड्कारो समस्याको रूपमा रहेको छ। कार्यसम्पादनको ढाँचा अहिले पनि अत्यन्त पारम्परिक र One Size Fits All प्रकृतिको रहेको छ। सेवा, समूह र कार्यप्रकृति अनुरूपको कार्यविवरण र प्रमुख कार्यसम्पादन सूचक (Key Performance Indicators) मा आधारित कार्यसम्पादन प्रणाली विकास गरी कार्यान्वयन गर्नु अत्यावश्यक भइसकेको छ। वास्तविक र वस्तुगत कार्यसम्पादन प्रणालीको अभावमा राम्रो र नराम्रो बीचको अन्तर प्रष्ट हुन नसकी सुपरिवेक्षकीय भूमिका गौण भई बढुवा समितिको मूल्याङ्कन मात्र निर्णायक हुने अवस्था विद्यमान छ। कार्यसम्पादनको प्रणाली कार्यान्वयनमा रहे तापनि यसको गुणात्मक सुधार गर्दै यसको दायरा क्रमशः बिस्तार गर्नुपर्ने आवश्यकता रहेको छ।

संगठनको तालिम आवश्यकता पहिचान गर्ने र नियमित अद्यावधिक गर्ने प्रणालीगत संयन्त्रको विकास गर्नु अपरिहार्य भइसकेको छ। तालिमहरूको अत्यधिक बोझ तालिम प्रदायक संस्थाहरूको रचनात्मक रूपमा शोध, खोज र विकास गर्ने अविच्छिन्न दायित्वमा व्यवधानको रूपमा खडा भएको छ। ठूलो सङ्ख्यामा प्रदान गरिने तालिमहरूको सामयिक प्रभाव मूल्याङ्कन गरी तालिमको प्रणालीगत सुधार गर्न सकिएको छैन। जसले तालिम र कार्य वातावरणबीच तालमेल नभई खाडल सिर्जना गरिदिएको छ। प्रविधिको द्रुततर विकासलाई प्रशिक्षण प्रणालीमा मूल प्रवाहिकरण (Mainstreaming) गरी कार्य प्रभावकारिता र कार्यदक्षता अभिवृद्धि गर्नु आवश्यक रहेको छ।

### ४.५.५.३ रणनीतिक कार्यदिशा (Strategic Direction)

मानव संशाधनको विकास र उत्प्रेरणा अभिवृद्धिको लागि आगामी तीन वर्षमा देहाय बमोजिमका रणनीतिहरूको अवलम्बन र प्रमुख कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**(क) रणनीतिक लक्ष्य ५:**

नेपाल प्रहरी संगठनको मूल उद्देश्यहरू प्रभावकारी रूपमा सम्पादन गर्न विशिष्टीकृत, दक्ष र उच्च मनोबलयुक्त प्रहरी जनशक्तिको विकास गर्ने।

**(ख) रूपान्तरणकारी रणनीतिहरू (Transformative Strategies)**

१. प्रहरी कर्मचारीहरूलाई योग्यता, सीप, कार्य अनुभव तथा अभिरुचिका आधारमा चरणबद्ध रूपमा समूहीकृत गरी सेवा विशिष्टीकरणको अवधारणा कार्यान्वयन गर्ने।

२. प्रहरी भर्ना प्रक्रियालाई परिमार्जन गरी सामयिक रूपमा पदपूर्तिको व्यवस्था गर्ने ।

३. विद्यमान प्रशिक्षण प्रणालीमा प्रविधिको मूल प्रवाहिकरण गर्दै व्यावहारिक एवम् कार्यगत आवश्यकता केन्द्रित गर्ने ।

४. कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई वस्तुगत र वैज्ञानिक रूपमा परिमार्जन गरी कार्यान्वयन गर्ने ।

५. प्रहरी सरुवा र बढुवाका प्रक्रियाहरूलाई अझ वस्तुगत, पारदर्शी र स्वचालित प्रणालीको रूपमा विकास गर्ने ।

६. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानलाई क्षेत्रीय (अन्तर्राष्ट्रिय) तहको प्रशिक्षण केन्द्रको रूपमा विकास गर्ने ।

७. अनुशासन, कार्यक्षमता र जवाफदेहितालाई प्रवर्द्धन गर्न निष्पक्ष, पारदर्शी र प्रदर्शनमा आधारित पुरस्कार तथा दण्ड (Reward and Punishment) प्रणालीका विधि अवलम्बन गर्ने ।

८. प्रहरी कर्मचारीहरूको शिक्षा, स्वास्थ्य लगायतका प्रहरी कल्याणका क्षेत्रहरूको गुणात्मक एवम् परिमाणात्मक सुधार गरी सेवामा निरन्तरताको लागि (Retention) उत्प्रेरित गर्ने ।

**(ग) मुख्य कार्यक्रमहरू (Major Interventions)**

१. नेपाल प्रहरीका जनपद समूहतर्फका प्रहरी जवानदेखि प्रहरी वरिष्ठ नायव निरीक्षक दर्जासम्मका प्रहरी कर्मचारीहरूलाई मापदण्ड बनाई योग्यता, सीप, कार्य अनुभव तथा अभिरुचिका आधारमा समूहीकृत गर्ने ।

२. लामो समयसम्म हुने पदरिक्तताको अवस्था न्यूनीकरण गर्न प्रहरी जवान तहमा एउटै भर्ना प्रक्रियाबाट भविष्यमा रिक्त हुने पदहरूमा समेत रोष्टरको आधारमा भर्ना गर्न सकिने व्यवस्थाको लागि पहल गर्ने तथा ORMS को दायरा बढाउने ।

३. प्रहरी अधिकृत तहको छनौट प्रक्रिया (पाठ्यक्रम लगायत) परिमार्जन गरी उम्मेदवारहरूको चालचलन, नेतृत्व क्षमता, नैतिकता, (Intelligence/Moral and Ethics) लगायतका गुणात्मक परीक्षणका विषयहरू समावेश गरी भर्ना प्रकृयामा सुधार गर्ने ।

४. नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीहरूको सरुवा, बढुवा र काज सम्बन्धी मापदण्डहरूलाई परिमार्जन गरी वृत्ति विकासका प्रक्रियालाई क्रमशः स्वचालित (Automation आधारित) सफ्टवेयरको विकास गरी कार्यान्वयन गर्दै लैजाने ।

५. विद्यमान तालिम प्रणालीको प्रभावकारिता सम्बन्धमा विस्तृत शोध अध्ययन गरी प्रशिक्षण प्रणाली सुधारको लागि Shifting the Focus of the Training-II (ShiFT-II) योजना बनाई कार्यान्वयन गर्ने ।

६. हरेक वर्ष वैज्ञानिक र वस्तुगत रूपमा तालिमहरूको आवश्यकता पहिचान (Training Need Assessment) गरी तालिम क्यालेण्डरको विकास गर्ने र तालिमहरूको प्रभाव मूल्याङ्कन गर्ने विधि बनाई कार्यान्वयन गर्ने ।

७. नेतृत्व विकासलाई सबै तहका आधारभूत तालिमहरूमा मूल प्रवाहिकरण गरी सबै दर्जाका प्रहरी कर्मचारीहरूमा कार्यगत आवश्यकता अनुरूपको नेतृत्व सीप विकास गर्ने ।

८. महिला प्रहरी कर्मचारीहरूको राष्ट्रिय सम्मेलन आयोजना तथा 'महिला प्रहरी सञ्जाल' स्थापना र कार्यान्वयन गर्ने । महिला प्रहरी कर्मचारीको भर्ना सङ्ख्या वृद्धि गर्नेतर्फ समुदाय लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।

९. महिला प्रहरी कर्मचारीहरूको नेतृत्व, सहभागिता र पेशागत ज्ञान-सिपको विकास गर्न नियमित अन्तरक्रिया, सम्मेलन र सञ्जालमार्फत लैङ्गिक समावेशी प्रहरी प्रणालीको प्रवर्द्धन गर्ने ।

१०. प्रहरी एकाइहरूका कार्य विवरण (Job Description) को आधारमा प्रहरी कर्मचारीहरूको पदको जिम्मेवारी अनुरूप कार्य विवरण विकास गरी कार्यान्वयन गर्ने ।

११. प्रहरी कर्मचारीहरूको विद्यमान कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई वैज्ञानिक र वस्तुगत बनाउन कार्यसम्पादन क्षेत्र र सूचकहरू (Key Performance Indicators) को ढाँचा विकास गरी त्रैमासिक रूपमा कार्यसम्पादन मूल्याङ्कन गर्ने पद्धति अवलम्बन गर्ने ।

१२. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको पनौती परियोजना सम्पन्न गरी कार्यसञ्चालन प्रारम्भ गर्ने तथा आवश्यक प्रणालीहरू समेतको विकासद्वारा प्रतिष्ठानलाई अन्तर्राष्ट्रिय/क्षेत्रीय स्तरको प्रशिक्षण केन्द्रको रूपमा विकास गर्ने ।

१३. पुलिस लिडरसीप एण्ड स्टाफ कलेज सञ्चालनमा स्थायी पूर्वाधार र व्यवस्थापकीय संरचनाको व्यवस्था गरी पाठ्यसामाग्रीमा स्तरीयता तथा अन्तर्राष्ट्रिय स्तरमा सिकाई (Exposure) का अवसरहरू वृद्धि गर्ने ।

१४. सबै प्रशिक्षण प्रदायक एकाइहरूमा E-library, Smart Classroom, व्यावहारिक अभ्यासस्थल (Scenario Village) को अवधारणालाई कार्यान्वयन गर्न न्यूनतम् एउटा Modular पूर्वाधार निर्माण एवम् बाह्य प्रशिक्षणका लागि तालिम सञ्चालन कार्यादेश, २०७९ ले निर्धारण गरेका बाधापारका आधारभूत २० वटा पूर्वाधारहरूको सुनिश्चितता गर्ने ।

१५. Online Training Portal को स्थापना गरी सैद्धान्तिक प्रकृतिका तालिमहरू Self-Paced, Instructor-led र Hybrid माध्यमबाट सञ्चालन गर्ने ।

१६. विधिविज्ञान, स्वास्थ्यकर्मी, खेलाडी लगायत प्राविधिक समूह तर्फका प्रहरी कर्मचारीहरूको वृत्ति विकासको लागि Job Specific पाठ्यक्रमहरू विकास गरी तालिम प्रदान गर्ने ।

१७. आर्थिक अनियमितता, कार्यस्थलमा हुने दुर्व्यवहार, यौनजन्य तथा लैङ्गिक हिंसा (SGBV) लगायतका प्रहरी आचरण विपरीतका गैह्र व्यावसायिक क्रियाकलापहरूमा शून्य सहनशीलता अवलम्बन गर्ने ।

१८. गुनासो व्यवस्थापनको संयन्त्र र अभिलेख प्रणालीलाई कार्यविधि समेत निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

१९. प्रहरी हवल्दार र जवान समूहका प्रहरी कर्मचारीहरूका लागि असाधारण परिस्थितिहरू बाहेकको अवस्थामा वार्षिक न्यूनतम् अनिवार्य बिदा (Minimum Forced Leave) को मापदण्ड बनाई घरबिदा, भैपरी आउने बिदा र सट्टा बिदाको उपयोगको व्यवस्था मिलाउने ।

२०. प्रहरी उत्प्रेरणा अभिवृद्धिका लागि प्रहरी पुरस्कार प्रणालीको विधि निर्माण गरी एकरूपता र स्तरीयता कायम गर्ने तथा दीर्घ सेवा लगायतका पदकहरू समारोहको आयोजना गरी प्रदान गर्ने व्यवस्था गर्ने ।

२१. बिदाइ समारोहको निश्चित विधि तयार गरी प्रहरी कर्मचारीहरू अवकाश हुँदा सम्मानपूर्वक बिदाइको आयोजना गर्ने संस्कृति विकास गर्ने ।

२२. नेपाल प्रहरीको स्वामित्वमा प्रयोगविहिन अवस्थामा रहेका खाली जग्गा/भवनमा प्रतिफलको सम्भाव्यता अध्ययन गरी आम उपयोगिता (Public Utilities) का सेवाहरूको बिस्तार गर्ने ।

२३. विद्यमान कल्याणकारी योजनाहरूको बिस्तार गर्दै काठमाडौं उपत्यकाभित्र प्रहरी सोभेनियर (Police Souvenir) तथा सुपथ मूल्य पसल सञ्चालन तथा काठमाडौं उपत्यकाको सामाखुशीमा अवस्थित आवास गृह एवम् भृकुटीमण्डप र नेपालगञ्जस्थित अतिथि गृहको स्तरोन्नति गर्ने ।

२४. मेडिकल कलेज सञ्चालनको योजनालाई निरन्तर अद्यावधिक गरी तयारीको अवस्था सुनिश्चित गर्ने तथा वर्तमान परिस्थितिमा सम्भाव्यता भएका चिकित्सा/ स्वास्थ्य विज्ञानका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने ।

२५. विशेषज्ञ/ उच्च विशेषज्ञ सेवाहरू, Telemedicine र Extended Health Service को बिस्तार गरी प्रहरी कर्मचारी र आश्रित परिवारहरूको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँचको दायरा बढाउने ।

२६. प्रहरी कर्मचारी र आश्रित परिवारहरूको मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि आवश्यकता अनुसार सहायता प्रणालीको योजना बनाई कार्यान्वयन गर्ने ।

२७. सेवा निवृत्त हुने अवधि पुगेका प्रहरी कर्मचारीहरूको लागि स्वरोजगार हुन सक्ने क्षेत्रहरूको पहिचान गरी सिपमूलक तालिम प्रदान गर्ने ।

### ४.५.६ रणनीतिक क्षेत्र ६ - भौतिक पूर्वाधार, स्रोत साधन तथा सहायता सेवाहरू

#### ४.५.६.१ वर्तमान अवस्था (Current Status)

नेपाल प्रहरीको लागि आवश्यक भौतिक पूर्वाधार र साधन स्रोतहरूको पूर्तिको लागि निरन्तर प्रयास भइरहेको छ। भूकम्पपछिको पुनर्निर्माणका आयोजना, हरेक आर्थिक वर्षका बजेटमा क्रमागत रूपमा योजना गरिएका र वैदेशिक सहायता संस्थाहरूबाट प्राप्त सहयोग समेतबाट भौतिक पूर्वाधारहरूको निर्माणले क्रमशः गति लिइरहेको छ। एक-प्रहरी-एक-खाट-एक म्याट्रेसको अवधारणा अनुरूप प्रहरी कर्मचारीका आधारभूत आवश्यकताहरूलाई कार्यस्थलमै सुनिश्चित गरी ‘बेड बोकेर’ कार्यक्षेत्र जाने बाध्यताको धेरै हदसम्म न्यूनीकरण भएको छ। कुल ७३,२२८ खाट र म्याट्रेसहरूको आवश्यकता रहेकोमा हालसम्म ५६,६९२ खाटहरू र १६,५३६ म्याट्रेसहरूको प्रबन्ध गरिएको छ।

यस्तै, प्रथम विश्वयुद्धमा प्रयोगमा आई हाल पार्टपूर्जा निर्माण समेत बन्द भइसकेका .३०३ राइफलहरू ठूलो सङ्ख्यामा प्रहरी परिचालन र गस्तीमा प्रयोगमा रहेका छन्। यसर्थ, मानवअधिकारको दृष्टिकोणले समेत नेपाल प्रहरीको हतियार प्रणालीमा गैह्र घातक हतियारहरूको अनुपात वृद्धि गर्नुपर्ने देखिन्छ।

#### ४.५.६.२ सुधारका क्षेत्रहरू (Critical Areas of Reform)

नेपाल प्रहरीमा विद्यमान २,६६० प्रहरी एकाइहरूमध्ये अधिकांश प्रहरी कार्यालयहरूको भौतिक संरचना निर्माण सम्पन्न तथा निर्माणको चरणमा रहेको भए तापनि हाल स्थायी प्रकृतिका एकाइहरूमध्ये १,०२८ प्रहरी कार्यालयहरूको आफ्नो जग्गा नभएको र ७९१ वटा प्रहरी कार्यालयहरूको भौतिक संरचना निर्माण नभएको अवस्था रहेको छ। त्यस्तै व्यवस्थित ब्यारेक, मेश र शौचालय समेत बन्न बाँकी प्रहरी एकाइहरू क्रमशः ८४३, ८३३ र ७९७ वटा रहेका छन्। हालसम्म भाडाको घरमा कार्यालय सञ्चालन गरेका प्रहरी एकाइहरूको सङ्ख्या ३७० रहेको छ। कतिपय पुराना प्रहरी भवनहरू जीर्ण, असुरक्षित र अपर्याप्त रहेका छन्। प्रहरी कार्यालयहरूमा ब्यारेक, मेश, शौचालय वातावरणीय अनुकुलता नहुनुका साथै भाडामा रहेका कार्यालयहरूको पेरिमिटर सुरक्षामा समेत समस्या भएकोले सुरक्षाको दृष्टिकोणबाट संवेदनशील रहेको देखिन्छ।

कर्मचारीको कार्यसम्पादनमा प्रत्यक्ष असर पार्ने भौतिक संरचना तथा सुविधाहरूमा सुधार आजको आवश्यकता हो। जुनसुकै अवस्थाको सेवाग्राहीलाई सेवा प्रदान गर्नु पर्ने कार्यालयमा माहिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका लगायत व्यक्तिहरूका लागि पहुँचयुक्त भवन निर्माण गर्नुका साथै संचार साधन र नेटवर्कको उपलब्धतामा सहजता, आवश्यक फर्निचर, कम्प्युटर, सवारी साधन, विपद् उद्धारका सामाग्री लगायत आवश्यक उपकरणहरू पर्याप्त हुनु अनिवार्य आवश्यकताको विषय हो। सेवाको प्रभावकारिता, कर्मचारीको कार्यसन्तुष्टि, जनताको पहुँच र दिगो प्रणाली निर्माणमा प्रत्यक्ष प्रभाव पार्ने हुँदा नेपाल प्रहरीको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थामा सुधार हुनुको विकल्प छैन।

#### ४.५.६.३ रणनीतिक कार्यदिशा (Strategic Direction)

भौतिक पूर्वाधार र सहायता सेवा प्रणालीको कार्यदक्षता अभिवृद्धिका लागि आगामी तीन वर्षमा देहाय बमोजिमका रणनीतिहरूको अवलम्बन र प्रमुख कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**(क) रणनीतिक लक्ष्य ६:**

भौतिक पूर्वाधार, स्रोत साधन तथा सहायक सेवाहरू (Enabling Services) को सुदृढीकरणद्वारा प्रहरी कर्मचारीको कार्यक्षमता बढाई सेवाको प्रभावकारिता अभिवृद्धि गर्ने ।

**(ख) रूपान्तरणकारी रणनीतिहरू (Transformative Strategies)**

१. व्यवस्थित र योजनाबद्ध भौतिक पूर्वाधार निर्माण, प्रयोग र सम्भारको योजना/ मानक निर्माण गरी पूर्वाधारहरूको दिगो व्यवस्थापन गर्ने ।

२. प्रहरी कार्यस्थल वातावरण सुधारका लागि आधारभूत भौतिक पूर्वाधार र सहायक सेवा कक्षहरूको निर्माण गरी सुविधाहरू क्रमशः थप गर्दै लैजाने ।

३. शान्ति सुव्यवस्था कायम राख्न तथा समग्र प्रहरी परिचालनलाई प्रभावकारी बनाउन आवश्यक उपकरण र स्रोत साधनको प्रबन्ध गर्ने ।

४. प्रहरी गतिशिलता तथा प्रभावकारी परिचालनका लागि न्यूनतम् सवारी साधनहरूको उपलब्धता तथा मर्मत सम्भार क्षमता (Fleet System) अभिवृद्धि गर्ने ।

५. प्रहरीका पोशाकको गुणस्तर सुधार गर्ने ।

**(ग) मुख्य कार्यक्रमहरू (Major Interventions)**

१. प्रहरी कार्यालयहरूका लागि जग्गा तथा भौतिक पूर्वाधारको व्यवस्थापन गर्दै संरक्षण र दिगो उपयोगका लागि नियमित सञ्चालन तथा सम्भार (Operation and Maintenance) को विधि निर्माण गरी कार्यान्वयन गर्ने ।

२. एक-प्रहरी-एक-खाट-एक-म्याट्रेस कार्यक्रमलाई पूर्ण रूपमा कार्यान्वयन गरी 'बेड बोकेर' कार्यक्षेत्र जाने बाध्यताको अन्त्य गर्ने ।

३. सबै प्रहरी एकाइहरूमा व्यवस्थित मेश र शौचालयको प्रबन्ध गर्ने तथा जिल्ला प्रहरी कार्यालय/परिसरहरू तहसम्म सहायक सेवाहरू (होजियारी, सूचीकार, मोची, सैलुन, इलेक्ट्रोनिक, पलम्बर, सिकर्मी, आदि) लाई एकीकृत र लैङ्गिकमैत्री Utility House को रूपमा व्यवस्थित गर्ने ।

४. शान्ति सु-व्यवस्थाका लागि आधुनिक हातहतियार तथा खरखजाना (घातक र गैह्र घातक) र भिड नियन्त्रणका लागि आवश्यक पर्ने असबाबका सामग्रीहरूको आवश्यकताको मापदण्ड निर्धारण गरी सोही अनुरूप क्रमशः प्रबन्ध गर्ने तथा भण्डारण, मर्मत सम्भार एवम् म्याद गुज्रेका (Date Expired) विष्फोटक पदार्थ, अश्रुग्याँस इत्यादिलाई नियमानुसार नष्ट गर्ने ।

५. प्रहरी एकाइ अनुरूपको सवारी साधन र चालकहरूको उपलब्धताको मापदण्ड (न्यूनतम् आवश्यक सवारी साधनहरूको सङ्ख्या, प्रकार, र सवारी चालक सङ्ख्याको अनुपात (Minimum Fleet Operational Capacity) निर्माण गरी क्रमशः कार्यान्वयन गर्ने ।

६. हतियार/ विष्फोटक पदार्थहरूको भण्डारण, मर्मत सम्भार र म्याद गुज्रेका (Date Expired) विष्फोटक पदार्थ, अश्रुग्याँस इत्यादिलाई नियमानुसार नष्ट गर्ने ।

७. विद्यमान प्रहरी पोशाकको स्पेशिफिकेसन तथा डिजाइनलाई समयानुकूल परिमार्जन गरी गुणस्तरीय र आकर्षक बनाउने तथा स्केल बमोजिमका बन्दोबस्तीका सामाग्रीहरू सामयिक रूपमा प्रबन्ध र वितरणको व्यवस्था गर्ने ।

### ४.५.७ रणनीतिक क्षेत्र ७ - सूचना प्रविधि

### ४.५.७.१ वर्तमान अवस्था (Current Status)

विश्वव्यापी रूपमा बढ्दै गएको सूचना प्रविधिको महत्त्वलाई केन्द्रबिन्दुमा राख्दै नेपाल प्रहरीले कार्यसम्पादन गर्ने प्रायजसो सबै क्षेत्रहरूमा प्रविधिको प्रयोगमा जोड दिँदै क्रमशः आन्तरिक व्यवस्थापन र सेवा प्रवाहका क्षेत्रहरूमा प्रविधिको मूल प्रवाहिकरण गर्दै आइरहेको छ। नेपाल प्रहरीमा विस्तृत सेवाहरू सहितको Nepal Police App, आफ्नै औपचारिक डोमेन र इमेल प्रणाली सञ्चालनमा रहेको छ। कसुरको अनुसन्धान हुने २२५ वटा कार्यालयहरू मध्ये २२१ प्रहरी एकाइहरूमा नेपाल प्रहरीको Intranet को पहुँच बिस्तार गरिएको छ। प्रहरीले नै विकास गरेको DIRS, CIRS, CFD, TVRS, PMIS, HMIS, ORMS, OPCR, Inventory Management System, Leave Management System लगायतका प्रणालीहरू कार्यान्वयनमा रहेका छन्। उक्त प्रणालीहरूको सञ्चालनका लागि साइबर तथा सूचना सुरक्षा र सूचना प्रविधि प्रणालीको व्यवस्थापन एवम् सञ्चालन सम्बन्धी कार्यादेशहरूको निर्माण गरी कार्यान्वयन भइरहेको छ।

तथ्याङ्कको विश्लेषण र Data Visualization को लागि Business Intelligence (BI) प्रणाली विकासको क्रममा रहेको छ भने कृत्रिम बौद्धिकताको प्रहरी सेवा प्रवाहमा प्रयोगको लागि Chat Bot को प्रारम्भिक विकास गरिएको छ। समग्रमा व्यवस्थापन र सेवा प्रवाहमा प्रविधिको उपयोग क्रमिक रूपमा गरिएको छ। प्रणालीगत सुरक्षा र सुधारका लागि समेत आवश्यक नीतिगत एवम् व्यवस्थापकीय प्रयासहरू अवलम्बन गरिएका छन्। सूचना प्रविधिको लागि निर्दिष्ट विशिष्टीकृत सूचना प्रविधि निर्देशनालय र अन्तर्गतका कार्यालयहरू एवम् प्राविधिक प्रहरी कर्मचारीहरूबाट व्यवस्थापकीय कार्यसञ्चालन गरिएको छ।

### ४.५.७.२ सुधारका क्षेत्रहरू (Critical Areas of Reform)

प्रविधिको विकासमा उल्लेख्य प्रगति हाँसिल गरेतापनि उल्लिखित प्रणालीहरूको उच्चतम् उपयोग (Optimum Utilization) मा चुनौतीहरू देखिएका छन्। आन्तरिक सूचना प्रणाली र प्रशासनलाई व्यवस्थित बनाउन प्रयोगमा ल्याइएका Nepal Police App र Email प्रणालीहरूका प्रयोगकर्ताहरूको सङ्ख्या अपेक्षाकृत वृद्धि हुन सकेको छैन।

प्रहरी एकाइहरूमा स्थानीय आवश्यकता अनुसार प्रयोगमा ल्याइएका सफ्टवेयरहरूको अनुगमन र नियमन गरी सुरक्षा मापदण्ड अनुरूप र केन्द्रीय तहबाट निर्दिष्ट वा स्वीकृत गरिएका सूचना प्रविधिका प्रणालीहरू मात्र उपयोग गर्ने व्यवस्था गर्नु जरूरी देखिन्छ। नेपाल प्रहरीका आधारभूत कार्यगत तथ्याङ्कहरू (Operational Data) लाई पूर्ण रूपमा डिजिटलाइज गरी तत्काल आवश्यकता अनुसारको Customized विश्लेषण प्राप्त गर्ने क्षमता विकास गर्नु जरूरी रहेको छ। प्रविधिको विकाससँगै सञ्चालनकर्ताहरू र प्रयोगकर्ताहरू (प्रहरी कर्मचारी र समुदाय)मा उल्लिखित प्रणालीहरू उपयोग गर्न सक्ने आधारभूत क्षमता र सचेतना विकास गर्नु समेत आवश्यक छ। साइबर सुरक्षा प्रणालीको अनुगमन, अद्यावधिकता र सुदृढीकरण निरन्तर जिम्मेवारीको रूपमा अवलम्बन गर्नुपर्ने देखिन्छ।

### ४.५.७.३ रणनीतिक कार्यदिशा (Strategic Direction)

सूचना प्रविधिमा रूपान्तरणका लागि आगामी तीन वर्षमा देहाय बमोजिमका रणनीतिहरूको अवलम्बन र प्रमुख कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**(क) रणनीतिक लक्ष्य ७:**

कृत्रिम बौद्धिकता (Artificial Intelligence) लगायत सूचना प्रविधिका प्रणालीहरूलाई क्रमशः मूल प्रवाहिकरण (Mainstreaming) गर्दै सांगठनिक कार्यदक्षता बढाउँदै सेवा प्रवाहमा प्रभावकारिता, चुस्तता र नागरिकको पहुँचको अभिवृद्धि गर्ने।

**(ख) रूपान्तरणकारी रणनीतिहरू (Transformative Strategies)**

१. नागरिक र नेपाल प्रहरी बीच प्रविधिमार्फत सम्पर्क तथा सेवा प्रवाहका क्षेत्रहरू पहिचान गरी सूचना प्रविधिका माध्यमहरूको विकास र सुदृढीकरण गर्ने।

२. सहज सेवा प्रवाह, कार्य सरलीकरण, कार्य प्रभावकारिता र कार्यकुशलता अभिवृद्धिका लागि नवीनतम् प्रविधिको उपयोग र बिस्तार गर्ने।

३. अनुकुलित सूचना प्रविधि प्रणाली (Customized Software/ Application) निर्माण/ सञ्चालन मार्फत सांगठनिक विद्युतीय अभिलेखालयको स्थापना तथा एकीकृत विश्लेषण क्षमता विकास गर्ने।

**(ग) मुख्य कार्यक्रमहरू (Major Interventions)**

१. विद्यमान अवस्थामा नेपाल प्रहरीका विभिन्न कार्यालयहरूमा प्रचलनमा रहेका सफ्टवेयर र प्रविधिगत प्रणालीहरूको परीक्षण (Audit) गर्ने तथा आन्तरिक प्रशासनका Software हरूलाई क्रमशः एकीकृत गर्ने।

२. कृत्रिम बौद्धिकतामा आधारित Chat Bot र QR Code को उपयोगको र बिस्तारबाट नागरिक सहायता प्रदान गर्ने तथा प्रतिक्रिया र पृष्ठपोषण सङ्कलन गर्ने।

३. प्रहरी कार्यालयमा आउने सेवाग्राहीहरूको अभिलेखीकरण गरी निजहरूले माग गरेको सेवाको बारेमा प्रविधिद्वारा अद्यावधिक र निवेदनको प्रगति ट्र्याकिङ गर्ने प्रणालीको विकास गरी कार्यान्वयन गर्ने।

४. नेपाल प्रहरीको सूचना प्रविधि र संचार प्रणालीको अन्तर आबद्धता (Inter-operability) को विधि निर्माण गरी कार्यान्वयन गर्ने।

५. साइबर सुरक्षामा आकस्मिक र गम्भीर चुनौती उत्पन्न भएमा तत्काल प्रतिरोध गर्न र भविष्यमा हुन सक्ने सम्भावित खतराको रोकथाम गर्नका लागि नेपाल प्रहरीको सरोकारवाला प्रहरी कार्यालयहरूको एकीकृत Computer Emergency Response Team (Nepol-CERT) को स्थापना गरी कार्यान्वयन गर्ने।

६. केन्द्रीय र प्रादेशिक तहका आधारभूत प्रतिवेदन, तथ्याङ्क सङ्कलन एवम् विश्लेषण प्रणालीलाई पूर्ण रूपमा डिजिटाइजेसन गर्ने तथा महत्त्वपूर्ण दस्तावेजको एकीकृत भौतिक तथा डिजिटल अभिलेखालय विकास गरी निरन्तर रूपमा अद्यावधिक गर्ने।

७. केन्द्रीय तहका तथ्याङ्कहरूलाई एकीकृत गरी Business Intelligence (BI) को प्रयोगद्वारा Data Visualization र विश्लेषण गर्ने प्रणालीको विकास गर्ने ।

८. Nepal Police Mobile Application सबै प्रहरी कर्मचारीहरूद्वारा सञ्चालन गराउने तथा नेपाल प्रहरीको इमेल (Email) प्रणालीको उपयोगलाई दैनिक कार्यसम्पादन कार्यमा बिस्तार गर्दै लगेर साधारण सूचना प्रवाहका विषयहरूमा औपचारिक पत्रव्यवहारको प्रतिस्थापन गर्दै जाने ।

९. नेपाल प्रहरीको सूचना प्रविधि प्रणालीमा उत्पन्न हुन सक्ने बाह्य सुरक्षा चुनौतीहरूको सम्बोधन (निगरानी र नियन्त्रण) का लागि सूचना सुरक्षा परिचालन केन्द्र (Security Operations Centre-SOC) र DDos Prevention Solution with DLP स्थापना गर्ने ।

१०. प्रहरी चारित्रिक प्रमाणपत्र सम्बन्धी सेवा प्रवाह प्रणालीको क्षमता अभिवृद्धि गरी शीघ्र रूपमा (२४ घण्टामा) सेवा प्रवाहको व्यवस्था गर्ने ।

# परिच्छेद ५: नतिजाको ढाँचा, कार्यान्वयन र अनुगमन

## ५.१. नतिजाको ढाँचा (Result Framework)

| रणनीति | सूचक |
|---|---|
| **रणनीतिक लक्ष्य १: उपयुक्त संगठन संरचना, नीतिगत स्पष्टता, सुदृढ योजना प्रक्रिया र अन्तरसंस्थागत समन्वय मार्फत सुशासन प्रवर्द्धन गर्दै प्रहरी सेवालाई थप प्रभावकारी बनाउन व्यावसायिकता, पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्ने।** | |
| **रणनीति** | **सूचक** |
| १.१ सुशासन प्रवर्द्धनका लागि प्रहरी र फौजदारी न्याय प्रणाली सम्बन्धी कानूनी र नीतिगत व्यवस्थाहरूको आवश्यकताअनुसार परिमार्जनद्वारा सांगठनिक सुधार र अझ प्रभावकारी सेवा प्रवाहको लागि पहल गर्ने। | १. प्रहरी सम्बन्धी विधेयक र नियमावलीको सन्दर्भमा सांगठनिक धारणा निर्माण |
| | २. संगठन तथा व्यवस्थापन सर्वेक्षण सफ्टवेयर निर्माण |
| | ३. संगठन तथा व्यवस्थापन प्रतिवेदन तयार |
| १.२ शान्ति सुरक्षा, अपराध रोकथाम, अनुसन्धान र प्रहरी प्रशासनका ज्वलन्त समस्याहरूको बारेमा शोध अन्वेषण गरी प्रमाणमा आधारित नीति (Evidence-based Policy Formulation) तथा तथ्यमा आधारित निर्णय प्रक्रिया (Informed Decision Making) को विकास गर्ने। | ४. शोध अध्ययन प्रतिवेदन (वार्षिक न्यूनतम् ३) |
| | ५. वार्षिक जर्नल प्रकाशन |
| | ६. सुधारका योजना निर्माण र कार्यान्वयनको विवरण |
| | ७. Intranet-Based Survey Tool को विकास |
| | ८. Project Bank को विकास |
| | ९. Decision Support System (DSS) र Executive Information System को विधि निर्माण र कार्यान्वयन |
| १.३ सुपरिवेक्षण र अनुगमन प्रणालीको सुदृढ संरचनागत व्यवस्था र वस्तुगत मापदण्ड विकास गरी कार्यान्वयन गर्ने। | १०. नेपाल प्रहरीको अनुगमन तथा मूल्याङ्कन विधि निर्माण र कार्यान्वयन |
| | ११. प्रहरी निरीक्षणालय (Police Inspectorate) को स्थापना |
| १.४ अन्तर्राष्ट्रिय प्रहरी सहयोग, समन्वय र सहकार्यका लागि आवश्यक नीति समेत निर्माण गरी प्रभावकारी बनाउने। | १२. नेपाल प्रहरीको वैदेशिक सहायता परिचालन नीति तर्जुमा |
| | १३. अन्तर्राष्ट्रिय संस्थाहरूसँगका समझदारी र सहमतिहरूको विवरण |
| | १४. नेपाल प्रहरीबाट आयोजना गरिएका अन्तर्राष्ट्रिय/क्षेत्रीय तहका प्रहरी प्रशिक्षण, सम्मेलन वा कार्यशाला गोष्ठीको सङ्ख्या र सहभागी सङ्ख्या |
| | १५. INTERPOL को सहयोगमा पत्ता लगाईएका र पक्राउ गरिएका फरार कसुरदार र शंकित (Fugitives) को सङ्ख्या |
| | १६. INTERPOL मा जारी गराइएका नोटिसहरूको सङ्ख्या र कार्यान्वयनको दरमा वृद्धि |
| | १७. INTERPOL बाट प्राप्त अनुरोधहरूको सम्बोधनको दर (सङ्ख्या र समय) |
| | १८. प्रवासी नेपालीहरूको जनघनत्व र अपराध जोखिमको विस्तृत अध्ययन प्रतिवेदन |
| | १९. संवेदनशील मुलुकहरूमा प्रहरी सहचारी (Police Attaché) राख्ने व्यवस्थाको लागि पहल |
| | २०. सीमा क्षेत्रमा समकक्षीहरूसँग भएका समन्वय बैठक सङ्ख्या |
| | २१. FPU सहभागिताका लागि पूर्ण तयारीको सुनिश्चितता |
| | २२. सामाजिक सञ्जाल सञ्चालकहरूसँग संयन्त्रगत व्यवस्थामा वृद्धि |
| | २३. Cyber-enabled र Cyber-dependent अपराधहरूको पहिचानको (detection) दरमा वृद्धि |
| | २४. संयुक्त राष्ट्रसंघका उच्च र व्यवस्थापकीय तहमा सहभागिताका लागि क्षमता अभिवृद्धिका कार्यक्रम सङ्ख्या |
| **रणनीतिक लक्ष्य २: प्रहरी परिचालन, कारबाही र विपद् व्यवस्थापनमा आधारभूत तथा विशिष्टीकृत क्षमता अभिवृद्धि गरी शान्ति सुव्यवस्था कायम र जनधनको सुरक्षा गर्ने।** | |
| **रणनीति** | **सूचक** |
| २.१ आकस्मिक सहायता र प्रहरी परिचालनलाई सुदृढीकरण गरी प्रहरी सहायता द्रुत र प्रभावकारी बनाउने। | १. Computer Aided Dispatch सहितको स्मार्ट कन्ट्रोल रूमको अवधारणा विकास |
| | २. सबै जिल्ला प्रहरी कार्यालय/परिसरहरूमा स्मार्ट कन्ट्रोल रूम स्थापना |
| | ३. प्रहरी प्रतिक्रिया (response) समय उल्लेख्य रूपमामा कटौती हुने |
| २.२ प्रथम उद्धारक/ सहायताकर्ता (First Responder) को रूपमा नेपाल प्रहरीको विपद् उद्धार र प्रतिकार्य सम्बन्धी साधारण (General) तथा विशिष्टीकृत (Specialized) क्षमता अभिवृद्धि गर्ने। | ४. आधारभूत तालिमहरूमा कम्तीमा एक हप्ताको विपद् व्यवस्थापन व्यावहारिक क्षमता विकास कार्यक्रम |
| | ५. विपद् व्यवस्थापन कार्यालय र विशेष सुरक्षा गणहरूमा विपद् व्यवस्थापनका विशेष दस्ताहरू (Special Squads) गठन |
| | ६. प्रहरी कार्यालयहरूमा हुनुपर्ने आधारभूत विपद् व्यवस्थापन सामाग्रीको मापदण्ड |
| | ७. मापदण्ड अनुरूप विपद् व्यवस्थापन सामाग्री भएका कार्यालयहरूको सङ्ख्या |
| २.३ प्रहरी कार्य गर्ने विशिष्टीकृत एकाइहरूको क्षमता अभिवृद्धिद्वारा कार्यगत तयारी (Operational Readiness) को अवस्था सुदृढ गर्ने। | ८. प्रहरी गणहरूमा Operational Readiness र कार्य प्रभावकारिताका लागि गुल्म संरचनाहरूको विकास अवधारणा |
| | ९. प्रहरी गणहरूमा गुल्म संरचनाहरूको विकास |

| | |
|---|---|
| २.४ प्रहरी कारबाहीहरूमा मानव अधिकारको संरक्षण, कानून बमोजिम बल प्रयोग र प्रहरी जवाफदेहिता अभिवृद्धि गर्दै विरोध प्रदर्शनको आवरणमा हुन सक्ने आपराधिक उपद्रवको नियन्त्रण र जनधनको क्षति न्यूनीकरण गर्ने । | १०. सबै जिल्ला ट्राफिक कार्यालयहरूमा Blackspots हरू Mapping सहितको सवारी दुर्घटना न्यूनीकरण योजना |
| | ११. सवारी अनुमति निलम्बनको लागि प्रक्रियामा लगिएका सवारी चालकहरूको सङ्ख्या |
| | १२. कारबाही गरिएका सवारी नियम उल्लंघनकर्ताहरूको सङ्ख्या |
| २.५ जोखिमयुक्त सवारी चालकहरूको पहिचान र रोकथाम (Removing Risky Drivers from the Road), गति सीमितता (Speed Limit) लगायतका कानून कार्यान्वयन र सचेतना अभिवृद्धि समेतबाट सडक दुर्घटना र सम्बद्ध मानवीय क्षति न्यूनीकरण गर्ने । | १३. भिड नियन्त्रण तालिमका लागि विशिष्टीकृत प्रशिक्षण एकाइको विकास |
| | १४. Firearms को प्रयोग सम्बन्धी मापदण्ड |
| | १५. भिड नियन्त्रणका अभ्यास कार्यक्रमहरू सङ्ख्या |
| | १६. प्रहरी बल प्रयोगको क्रममा मानवीय क्षतिका घटनाहरूको मूल्याङ्कनको विधि र कार्यान्वयन |
| **रणनीतिक लक्ष्य ३: जनसहभागिता र नागरिकसँगको समन्वयलाई प्रवर्द्धन गर्दै समुदाय-प्रहरी साझेदारी र समस्या केन्द्रित प्रहरी सेवा (Problem-oriented Policing) को माध्यमबाट अपराधको रोकथाम तथा नियन्त्रण गर्ने ।** | |
| **रणनीति** | **सूचक** |
| ३.१ विद्यमान समुदाय प्रहरी साझेदारी कार्यक्रममा समस्या केन्द्रित प्रहरी सेवा (Problem-oriented Policing) समेतलाई एकीकृत (Integrate) गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | १. समुदाय-प्रहरी साझेदारी कार्यक्रमको सामयिक पुनरावलोकन |
| | २. नीतिगत रूपमा Problem-Oriented Policing को अवलम्बन |
| | ३. जिल्ला र पालिका तहका समुदाय-प्रहरी साझेदारीका समितिहरू पूनर्गठन |
| | ४. समितिहरूका आवधिक बैठक र सल्लाहका कार्यक्रमहरू सञ्चालन |
| | ५. स्थानीय तह-प्रहरी-विद्यालय सम्पर्क कार्यक्रमका पाठ्यसामाग्रीहरूको अद्यावधिक हुने |
| | ६. पाठ्यक्रम समावेश गरेका स्थानीय तहहरूको सङ्ख्या |
| | ७. स्वयंसेवकहरूको गठन र परिचालन सम्बन्धी विधि निर्माण |
| | ८. स्वयंसेवकहरूको रोष्टर प्रणाली |
| | ९. संगठित र अनुशिक्षित स्वयंसेवकहरूको सङ्ख्या |
| | १०. केन्द्रीय, प्रादेशिक र जिल्ला तहका पूर्व चेतावनी (Early Warning) प्रणाली |
| ३.२ पूर्वानुमानमूलक प्रहरी कार्य (Predictive Policing) क्रमशः स्थापित गर्नका लागि प्रहरी कारबाही, सेवा प्रवाह तथा अपराध न्यूनीकरण र अनुसन्धानमा प्रविधि र कृत्रिम बौद्धिकताको उपयोग गर्ने । | ११. अपराध र घटनाहरूको GIS Mapping प्रणाली विकास |
| | १२. अपराध अनुसन्धान गर्ने सबै एकाइहरूमा Hotspot हरूको विश्लेषण पद्धति |
| | १३. Hotspot Based Policing को अवलम्बन |
| | १४. कृत्रिम बौद्धिकताको दुरूपयोग पहिचान र सम्भावित अपराधिक जोखिमको निगरानी गर्न सक्षम एवम् उपयुक्त एकाइ स्थापना |
| ३.३ एकल वा उच्च जोखिमका क्षेत्रहरूमा रहेका ज्येष्ठ नागरिकहरूको सुरक्षाका लागि योजनाबद्ध कार्यक्रम विकास गरी कार्यान्वयन गर्ने । | १५. ज्येष्ठ नागरिकहरू विशेष सुरक्षा मार्गदर्शन निर्माण |
| | १६. सेवा प्रवाह गर्ने सबै प्रहरी एकाइहरूमा ज्येष्ठ नागरिकहरूको विवरण |
| | १७. मार्गदर्शन अनुरूप ज्येष्ठ नागरिकहरूसँग भेटघाट कार्यान्वयन दर |
| | १८. ज्येष्ठ नागरिकहरूलाई सूचना प्रवाह गर्ने प्रणालीको विकास र कार्यान्वयन |
| ३.४ नागरिक सहायता, सहकार्य र पृष्ठपोषणका प्रणालीहरूको एकीकरण र सुदृढीकरण गर्ने । | १९. नागरिक सहायता कक्षको सबलीकरण गरी नागरिक सहजकर्ताको व्यवस्था |
| | २०. सेवाग्राहीबाट प्राप्त पृष्ठपोषणको आवधिक अध्ययन तथा कार्यान्वयन |
| **रणनीतिक लक्ष्य ४: प्रविधियुक्त, प्रमाणमुखी र सूचनामा आधारित (Intelligence-led) अनुसन्धानात्मक क्षमताको विकासद्वारा अपराध अनुसन्धानको प्रभावकारिता अभिवृद्धि गर्ने ।** | |
| **रणनीति** | **सूचक** |
| ४.१ आधारभूत अपराध अनुसन्धान क्षमता, सहायता प्रणाली र हिरासत व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने । | १. अपराध सम्बन्धी राष्ट्रिय अभिलेखमा आबद्ध सूचना प्रणालीहरूको सङ्ख्या र तथ्याङ्कमा वृद्धि |
| | २. सामान्य कसूरमा हिरासतमा लिइएका व्यक्तिको अनुपातमा कमी |
| | ३. सामान्य कसूरमा हिरासतमा लिइएका व्यक्तिको औसत हिरासत समयमा कमी |
| | ४. हिरासत व्यवस्थापन मार्गदर्शन, २०८१ अनुरूपका हिरासतहरूको सङ्ख्यामा वृद्धि |
| | ५. हिरासत अनुगमन प्रणाली विकास |
| | ६. हिरासतमा मृत्युको दर शून्य |
| | ७. प्रहरी नियन्त्रणबाट फरार हुने घटनाहरूको न्यूनीकरण |
| | ८. प्रहरी हिरासत वा नियन्त्रणबाट फरार हुने घटनाहरूको न्यूनीकरण |
| | ९. DIRS अद्यावधिक हुने |
| | १०. CFD का लागि आवश्यक उपकरणहरूको प्रबन्ध |
| | ११. पुराना मुद्दाहरू (Pending cases) को CFD सम्पन्न |
| | १२. Lost and Found को एकीकृत प्रणाली विकास |
| | १३. फेला परेका (Recovered) वा पहिचान भएका (Identified) मानिस र सामानहरूको दरमा वृद्धि |
| | १४. Breeder Dogs सहित Canine Breeding Centre को स्थापना |
| | १५. सबै प्रदेशहरूमा सूचना विश्लेषण शाखाको स्थापना |
| | १६. अभियुक्त/ शंकितहरूको ट्र्याकिङ्ग प्रणाली विकास |
| | १७. अभियुक्त/ शंकितहरू पक्राउ सङ्ख्या वृद्धि |

| | |
|---|---|
| ४.२ आर्थिक तथा वित्तीय अपराध, साइबर अपराध र जघन्य प्रकृतिका अपराध अनुसन्धानको विशिष्टीकृत र आधारभूत अनुसन्धानात्मक क्षमता अभिवृद्धि गर्ने । | १८. अपराध पीडित, संरक्षक र साक्षीको विवरण सङ्कलन गर्ने ढाँचाको विकास, |
| | १९. सुसूचित गरिएका पीडितहरूको अनुपात |
| | २०. आवधिक सम्पर्क र भेटघाट गरिएका पीडितहरूको |
| | २१. सुरक्षा व्यवस्था मिलाइएका पीडित, संरक्षक र साक्षीको सङ्ख्यामा वृद्धि |
| | २२. उजुरीहरूको अभिलेखको ढाँचा विकास |
| | २३. उजुरी समाधानको दरमा वृद्धि |
| | २४. उजुरी समाधानको लागि लाग्ने औसत समयमा कमी |
| ४.३ नेपाल प्रहरीको विधिविज्ञान (Forensics) क्षमता अभिवृद्धि तथा परीक्षण स्तरीकरण (Standardization) गरी अपराध अनुसन्धानमा प्रभावकारिता र कार्यकुशलता अभिवृद्धि गर्ने । | २५. आर्थिक र वित्तीय अपराधको अनुसन्धानको लागि विशिष्टीकृत एकाइको स्थापना र सुदृढीकरण |
| | २६. मुद्दा दर्ता हुने सबै एकाइहरूमा आर्थिक र वित्तीय अपराध विशिष्टीकृत अनुसन्धान तालिमप्राप्त जनशक्तिको उपलब्धता |
| ४.४ फौजदारी न्याय प्रणालीका अङ्गहरूबीच (अनुसन्धान, अभियोजन र न्याय सम्पादन) को अन्तर्क्रियालाई संस्थागत गरी समस्या समाधानको संयन्त्रको रूपमा विकास गर्ने । | २७. Cyber-enabled र Cyber-dependent अपराधहरूको पहिचानको (detection) दरमा वृद्धि |
| | २८. केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला कम्तीमा दुई वटा प्रदेशहरूमा बिस्तार |
| | २९. Digital Forensic Lab कम्तीमा दुई वटा प्रदेशहरूमा बिस्तार |
| | ३०. सबुदको विधिविज्ञान परीक्षणको दरमा वृद्धि |
| | ३१. ABIS प्रणाली कार्यान्वयन |
| | ३२. लागु औषध नियन्त्रणको एकीकृत योजना निर्माण |
| | ३३. Drug Detection क्षमता भएका प्रहरी एकाइहरूको सङ्ख्यामा वृद्धि |
| | ३४. लागु औषध नियन्त्रणका कार्यक्रमहरूको सङ्ख्या |
| | ३५. बरामद लागु औषधको विवरण |
| | ३६. NDPS र NPS को Early Warning System विकास |
| ४.५ पीडित, संरक्षक र साक्षी संरक्षणका लागि विशेष कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन गर्ने । | ३७. प्रहरी कार्य (Operation), अपराध अनुसन्धान र ट्राफिक व्यवस्थापनका समीक्षा गोष्ठी/ सम्मेलनको विधि निर्माण |
| | ३८. आयोजना गरिएका समीक्षा गोष्ठी/ सम्मेलनको सङ्ख्या |
| ४.६. महिला, बालबालिका र ज्येष्ठ नागरिक सेवा केन्द्रहरूको मापदण्ड निर्धारण गरी क्रमशः उत्कृष्ट केन्द्र (Centre of Excellence) को रूपमा विकास गर्दै लैजाने । | ३९. नमूना केन्द्रहरूको मापदण्ड विकास |
| | ४०. नमूना केन्द्रहरूको रूपमा विकास गरिएका केन्द्रहरूको सङ्ख्या |
| | ४१. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा महिला प्रहरी कर्मचारीहरूको पदस्थापन (Deployment) को दरमा वृद्धि (प्रमुख र कर्मचारी) |
| | ४२. लैङ्गिक हिंसा पीडित उद्धार कोष स्थापना गरिएका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूको सङ्ख्या |
| | ४३. महिला प्रहरी कर्मचारीहरूको राष्ट्रिय सम्मेलन आयोजना |
| | ४४. महिला प्रहरी कर्मचारीहरूको सञ्जाल गठन तथा सञ्चालन |
| ४.७. वैकल्पिक समस्या समाधान (Alternative Dispute Resolution) का विधिलाई (आर्थिक अपराध, घरेलु हिंसा, आदि अपराधहरूको अनुसन्धानको क्रममा) प्रभावकारी रूपमा कार्यान्वयन गर्दै समस्याहरूको दिगो समाधानलाई प्राथमिकता दिने । | ४५. मेलमिलाप भएका आर्थिक अपराधका मुद्दाहरू |
| | ४६. मेलमिलाप भएका घरेलु हिंसाका मुद्दाहरू |
| **रणनीतिक लक्ष्य ५: नेपाल प्रहरी संगठनको मूल उद्देश्यहरू प्रभावकारी रूपमा सम्पादन गर्न विशिष्टीकृत, दक्ष र उच्च मनोबलयुक्त प्रहरी जनशक्तिको विकास गर्ने ।** | |
| **रणनीति** | **सूचक** |
| ५.१ प्रहरी कर्मचारीहरूलाई योग्यता, सीप, कार्य अनुभव तथा अभिरुचिका आधारमा चरणबद्ध रूपमा समूहीकृत गरी सेवा विशिष्टीकरणको अवधारणा कार्यान्वयन गर्ने । | १. प्रहरी कर्मचारीहरूलाई समूहिकृत गर्ने विधिको निर्माण |
| | २. निर्धारित विधि अनुरूप समूहिकृत प्रहरी कर्मचारीहरूको सङ्ख्या |
| ५.२ प्रहरी भर्ना प्रक्रियालाई परिमार्जन गरी सामयिक रूपमा पदपूर्तिको व्यवस्था गर्ने । | ३. प्रहरी अधिकृत तहको भर्ना छनौट प्रक्रिया परिमार्जन |
| | ४. भर्ना प्रक्रिया परिमार्जनको लागि योजना र पहल |
| | ५. ORMS को क्षेत्र बिस्तार |
| ५.३ विद्यमान प्रशिक्षण प्रणालीमा प्रविधिको मूल प्रवाहिकरण गर्दै व्यावहारिक एवम् कार्यगत आवश्यकता केन्द्रित गर्ने । | ६. तालिम प्रणालीको प्रभावकारिता सम्बन्धी विस्तृत शोध अध्ययन प्रतिवेदन |
| | ७. ShiFT – II योजना निर्माण र कार्यान्वयन |
| | ८. Training Need Analysis (TNA) |
| | ९. सबै प्रशिक्षण प्रदायक एकाइहरूमा E-library, Smart Classroom र व्यावहारिक अभ्यास स्थल (Scenario Village) र बाधापारका आधारभूत २० वटा पूर्वाधारहरूको उपलब्धता |
| | १०. Online Training Portal को स्थापना |
| | ११. Online माध्यमबाट प्रदान गर्ने गरी रूपान्तरण गरिएका तालिमहरूको सङ्ख्यामा वृद्धि |
| | १२. Online सञ्चालन गरिएका तालिमहरूको सङ्ख्या |
| | १३. सबै तहका आधारभूत तालिमहरूको परिमार्जन र नेतृत्व विकासका कार्यक्रमहरू समावेश |
| | १४. पुनर्ताजगी अभ्यास/ अनुशिक्षण कार्यक्रम सङ्ख्या |
| | १५. प्राविधिक समूहतर्फका प्रहरी कर्मचारीहरूको वृत्ति विकासको लागि Job Specific पाठ्यक्रमहरूको विकास र कार्यान्वयन |

| | |
|---|---|
| ५.४ कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई वस्तुगत र वैज्ञानिक रूपमा परिमार्जन गरी कार्यान्वयन गर्ने । | १६. कार्यसम्पादन क्षेत्र र सूचकहरू (Key Performance Indicators) को ढाँचा विकास |
| | १७. राजपत्राङ्कित तहका प्रहरी कर्मचारीहरूको त्रैमासिक कार्यसम्पादन मूल्याङ्कन गर्ने पद्धति विकास र कार्यान्वयन |
| | १८. सबै प्रहरी एकाइहरूको कार्य विवरण |
| | १९. जुनियर प्रहरी अधिकृत तहसम्मका सबै प्रहरी कर्मचारीहरूको कार्य विवरण निर्माण र कार्यान्वयन |
| | २०. कार्य विवरण सम्बन्धमा सम्बन्धित सबै प्रहरी कर्मचारीहरूलाई अनुशिक्षण |
| ५.५ प्रहरी सरुवा र बढुवाका प्रक्रियाहरूलाई अझ वस्तुगत, पारदर्शी र स्वचालित प्रणालीको रूपमा विकास गर्ने । | २१. सरुवा, बढुवा र काज सम्बन्धी मापदण्डहरूको सामयिक संशोधन |
| | २२. सरुवा, बढुवाका प्रक्रियामा स्वचालित प्रणालीको विकास र कार्यान्वयन |
| ५.६ राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानलाई क्षेत्रीय (अन्तर्राष्ट्रिय) तहको प्रशिक्षण केन्द्रको रूपमा विकास गर्ने । | २३. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको पनौती परियोजना सम्पन्न र कार्यसञ्चालन |
| | २४. प्रतिष्ठानमा अन्तर्राष्ट्रिय/ क्षेत्रीय स्तरको प्रशिक्षण सञ्चालन क्षमता विकास |
| | २५. पुलिस लिडरसीप एण्ड स्टाफ कलेजको पूर्वाधार विकास र पाठ्यसामाग्रीहरूको स्तर अभिवृद्धि |
| ५.७ अनुशासन, कार्यक्षमता र जवाफदेहितालाई प्रवर्द्धन गर्न निष्पक्ष, पारदर्शी र प्रदर्शनमा आधारित पुरस्कार तथा दण्ड (Reward and Punishment) प्रणालीका विधि अवलम्बन गर्ने । | २६. प्रहरी आचरण विपरीतका क्रियाकलापहरूको सङ्ख्यामा न्यूनीकरण |
| | २७. प्रहरी आचरण विपरीतका क्रियाकलापहरूमा कारबाहीको विवरण |
| | २८. गुनासो व्यवस्थापनको संयन्त्र र अभिलेख प्रणालीको कार्यविधि |
| | २९. गुनासो व्यवस्थापनको दरमा वृद्धि |
| | ३०. आम गुनासोहरूको नीतिगत सम्बोधनको दरमा वृद्धि |
| | ३१. वार्षिक न्यूनतम् अनिवार्य बिदा (Minimum Forced Leave) को मापदण्ड र कार्यान्वयन |
| | ३२. सट्टा बिदाको कार्यान्वयन |
| | ३३. प्रहरी पुरस्कारमा एकरूपताको प्रणाली विकास |
| | ३४. नियमानुसार प्राप्त गर्ने पदकहरूको औपचारिक र सम्मानयुक्त वितरण |
| | ३५. प्रहरी कर्मचारीहरूको बिदाइ समारोहको विधि निर्माण र कार्यान्वयन |
| ५.८ प्रहरी कर्मचारीहरूको शिक्षा, स्वास्थ्य लगायतका प्रहरी कल्याणका क्षेत्रहरूको गुणात्मक एवम् परिमाणात्मक सुधार गरी सेवामा निरन्तरताको लागि (Retention) उत्प्रेरित गर्ने । | ३६. प्रहरी कल्याण कोषको परिचालनद्वारा आम उपयोगिता (Public Utilities) का सेवाहरूको बिस्तार |
| | ३७. प्रहरी सोभेनियर (Police Souvenir) तथा सुपथ मूल्य पसल सञ्चालन |
| | ३८. आवास र अतिथि गृहहरूको स्तरोन्नति |
| | ३९. लाभान्वित प्रहरी कर्मचारी र आश्रित परिवारहरूको सङ्ख्यामा वृद्धि |
| | ४०. मेडिकल कलेज सञ्चालनको योजनाको अद्यावधिक र तयारीको अवस्थाको सुनिश्चितता |
| | ४१. सम्भाव्यता अनुरूपका चिकित्सा/ स्वास्थ्य विज्ञानका शैक्षिक कार्यक्रमहरू सञ्चालन |
| | ४२. विशेषज्ञ/ उच्च विशेषज्ञ सेवाहरूको उपलब्धतामा वृद्धि |
| | ४३. Telemedicine र Extended Health Service प्राप्त सेवाग्राहीहरूको सङ्ख्यामा वृद्धि |
| | ४४. नेपाल प्रहरी अस्पतालको सेवाप्रति सेवाग्राहीहरूको सन्तुष्टिको स्तरमा वृद्धि |
| | ४५. मानसिक स्वास्थ्य प्रवर्द्धनको विशेष योजना |
| | ४६. मानसिक स्वास्थ्यको 24/7 सहायता प्रणालीको स्थापना र कार्यान्वयन |
| | ४७. लाभान्वितहरूको सङ्ख्यामा वृद्धि |
| **रणनीतिक लक्ष्य ६: भौतिक पूर्वाधार, स्रोत साधन तथा सहायक सेवाहरू (Enabling Services) को सुदृढीकरणद्वारा प्रहरी कर्मचारीको कार्यक्षमता बढाई सेवाको प्रभावकारिता अभिवृद्धि गर्ने ।** | |
| **रणनीति** | **सूचक** |
| ६.१ व्यवस्थित र योजनाबद्ध भौतिक पूर्वाधार निर्माण, प्रयोग र सम्भारको योजना/ मानक निर्माण गरी पूर्वाधारहरूको दिगो व्यवस्थापन गर्ने । | १. भौतिक संरचनाहरूको सञ्चालन तथा सम्भार (Operation and Maintenance) को विधि निर्माण गरी कार्यान्वयन |
| | २. ब्यारेकमा रहने सबै प्रहरी कर्मचारीहरूका लागि खाट र म्याट्रेसको व्यवस्था |
| | ३. व्यवस्थित मेश र शौचालय भएका प्रहरी एकाइहरूको सङ्ख्यामा वृद्धि |
| ६.२ प्रहरी कार्यस्थल वातावरण सुधारका लागि आधारभूत भौतिक पूर्वाधार र सहायक सेवा कक्षहरूको निर्माण गरी सुविधाहरू क्रमशः थप गर्दै लैजाने । | ४. सहायक सेवाहरू (होजियारी, सूचीकार, मोची, सैलुन, इलेक्ट्रोनिक, पलम्बर, सिकर्मी, आदि) को उपलब्धता र एकीकृत व्यवस्थापन भएका प्रहरी एकाइहरूको सङ्ख्यामा वृद्धि |
| ६.३ शान्ति सुव्यवस्था कायम राख्न तथा समग्र प्रहरी परिचालनलाई प्रभावकारी बनाउन आवश्यक उपकरण र स्रोत साधनको प्रबन्ध गर्ने । | ५. नेपाल प्रहरीका लागि आवश्यक हातहतियार तथा खरखजाना (घातक र गैह घातक) र भिड नियन्त्रणका लागि आवश्यक पर्ने असबाबका सामग्रीहरूको आवश्यकताको मापदण्ड निर्माण |
| | ६. मापदण्ड अनुरूप व्यवस्थापन र प्रतिस्थापनको योजना र कार्यान्वयन |
| | ७. नष्ट गरिएका म्याद नाघेका वा बिग्रिएका हतियार, विष्फोटक पदार्थ, अश्रुग्याँसको सङ्ख्या |

| | |
|---|---|
| ६.४ प्रहरी गतिशिलता तथा प्रभावकारी परिचालनका लागि न्यूनतम् सवारी साधनहरूको उपलब्धता तथा मर्मत सम्भार क्षमता (Fleet System) अभिवृद्धि गर्ने । | ८. प्रहरी एकाइ अनुरूपको सवारी साधन र चालकहरूको उपलब्धताको मापदण्ड निर्माण |
| | ९. मापदण्ड अनुरूप व्यवस्थापन र प्रतिस्थापनको योजना र कार्यान्वयन |
| | १०. २० वटा Prisoner Van को प्रबन्ध र वितरण |
| ६.५ प्रहरीका पोशाकको गुणस्तर सुधार गर्ने । | ११. पोशाकको स्पेशिफिकेसन तथा डिजाइन परिमार्जन |
| | १२. स्केल बमोजिमका बन्दोबस्तीका सामाग्रीहरूको उपलब्धताको दरमा वृद्धि |
| **रणनीतिक लक्ष्य ७: कृत्रिम बौद्धिकता लगायत सूचना प्रविधिका प्रणालीहरूलाई क्रमशः मूल प्रवाहिकरण (Mainstreaming) गर्दै सांगठनिक कार्यदक्षता बढाउँदै सेवा प्रवाहमा प्रभावकारिता, चुस्तता र नागरिकको पहुँचको अभिवृद्धि गर्ने ।** | |
| **रणनीति** | **सूचक** |
| ७.१ नागरिक र नेपाल प्रहरी बीच प्रविधिमार्फत सम्पर्क तथा सेवा प्रवाहका क्षेत्रहरू पहिचान गरी सूचना प्रविधिका माध्यमहरूको विकास र सुदृढीकरण गर्ने । | १. बहालवाला सबै प्रहरी कर्मचारीहरूबाट Nepal Police Mobile App को प्रयोग |
| | २. App प्रयोगको अनुपातमा उच्च वृद्धि |
| | ३. नेपाल प्रहरीको इमेल (Email) प्रयोगकर्ताहरूको सङ्ख्यामा वृद्धि |
| | ४. साधारण सूचना प्रवाहका विषयहरूमा इमेल प्रणालीलाई औपचारिक पत्रव्यवहारको रूपमा स्थापित गर्ने विधिको निर्माण र कार्यान्वयन |
| | ५. सूचना सुरक्षा परिचालन केन्द्र (Security Operations Centre-SOC) र DDos Prevention Solution with DLP स्थापना |
| | ६. प्रहरी चारित्रिक प्रमाणपत्र वितरणमा Automation प्रणालीको विकास |
| | ७. प्रहरी चारित्रिक प्रमाणपत्र वितरणमा शीघ्रता |
| ७.२ सहज सेवा प्रवाह, कार्य सरलीकरण, कार्य प्रभावकारिता र कार्यकुशलता अभिवृद्धिका लागि नवीनतम् प्रविधिको उपयोग र बिस्तार गर्ने । | ८. नेपाल प्रहरीमा प्रचलनमा रहेका सफ्टवेयर र प्रविधिगत प्रणालीहरूको परीक्षण (Audit) |
| | ९. आन्तरिक प्रशासनका Software हरूको एकीकरणमा वृद्धि |
| | १०. Chat Bot को सञ्चालन र सेवाग्राही नागरिकहरूको सङ्ख्यामा वृद्धि |
| | ११. QR Code को उपयोगको दरमा वृद्धि |
| | १२. सूचना प्रविधि र संचार प्रणालीको अन्तर आबद्धता (Inter-operability) को विधि निर्माण र कार्यान्वयन |
| | १३. Computer Emergency Response Team (Nepol-CERT) को स्थापना |
| | १४. आकस्मिक साइबर चुनौतीहरूमा संयुक्त कार्य (Joint Operation) गरी खतरा न्यूनीकरण गरिएका घटनाहरूको सङ्ख्यामा वृद्धि |
| | १५. Business Intelligence (BI) and Data Visualization द्वारा तथ्याङ्क विश्लेषण र उपयोगमा वृद्धि |
| | १६. Digitalization गरिएका रेडियोहरूको सङ्ख्यामा वृद्धि |
| | १७. सबै प्रदेश र काठमाडौं उपत्यकामा RPA/Drone र Anti-Drone प्रणाली |
| | १८. CCTV हरूको राष्ट्रिय ग्रिड निर्माण |
| ७.३ अनुकुलित सूचना प्रविधि प्रणाली (Customized Software/ Application) निर्माण/ सञ्चालन मार्फत सांगठनिक विद्युतीय अभिलेखालयको स्थापना तथा एकीकृत विश्लेषण क्षमता विकास गर्ने । | १९. सबै विभागहरूमा प्रतिवेदन पुनरावलोकन समिति (Report Review Boards) को गठन |
| | २०. विद्यमान अवस्थामा प्रचलनमा रहेका सबै प्रतिवेदनहरूको पुनरावलोकन गरी अद्यावधिक गर्ने |
| | २१. केन्द्रीय र प्रादेशिक तहका आधारभूत प्रतिवेदन, तथ्याङ्क सङ्कलन एवम् विश्लेषण प्रणालीको पूर्ण रूपमा डिजिटाइजेसन |
| | २२. महत्त्वपूर्ण दस्तावेजको एकीकृत भौतिक तथा डिजिटल अभिलेखालय विकास |

### ५.२ कार्यान्वयन जोखिम न्यूनीकरणका उपायहरू

यस रणनीतिक योजनाको कार्यान्वयनको क्रममा देहाय बमोजिमका जोखिमहरूको आँकलन र तदनुरूप न्यूनीकरणका उपायहरू पहिचान गरिएको छ।

| क्र.स. | जोखिम | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|
| १ | बजेट अभाव वा योजनाहरू कार्यान्वयनमा ढिलाइ | - नेपाल सरकारको नीति, कार्यक्रम र बजेटमा प्रहरी रणनीतिका विषयहरूलाई प्राथमिकताका साथ समाविष्ट गर्न पहल गर्ने।<br>- बजेट सुनिश्चित भएका योजनाहरूको Proactive Preparation द्वारा सामयिक कार्यान्वयन गर्ने।<br>- अन्तर्राष्ट्रिय निकायहरूका सहयोगलाई रणनीति अनुरूपका कार्यक्रमहरूमा निर्दिष्ट गर्ने। |
| २ | राजनीतिक र प्रशासनिक नेतृत्व परिवर्तनमा योजना कार्यान्वयनको प्रभावकारी निरन्तरतामा उत्पन्न हुन सक्ने चुनौती | - प्रशासनिक तहमा सम्बन्धित सबै तहमा पूर्व जानकारी, समन्वय, सहभागिता र स्वामित्व सुनिश्चित गर्ने।<br>- राजनीतिक परिवर्तनको अवस्थामा अत्यन्त छोटो समयमा रणनीति र योजनाहरूको बारेमा जानकारी गराई प्रतिबद्धता सुनिश्चित गर्ने। |
| ३ | आन्तरिक प्रतिरोध | - रणनीति र योजनाहरूलाई यथासम्भव कार्यसम्पादन सम्झौताहरूको माध्यमबाट कार्यान्वयन गर्ने।<br>- रणनीतिको कार्यदिशा र कार्यान्वयनबाट हुने सुधारहरूको बारेमा सम्बन्धित सबै प्रहरी कर्मचारीहरूलाई सुसूचित गराउने। |
| ४ | प्रविधि कार्यान्वयनमा समस्या | - प्रशिक्षण र अनुशिक्षणहरूको प्रभावकारी व्यवस्था गर्ने। |
| ५ | प्राकृतिक तथा मानवीय विपद् तथा आपतकालीन अवस्थाले प्राथमिकताहरूको दिशान्तर | - लचकदार कार्ययोजना (Flexible Action Plan) निर्माण गरी सामयिक परिमार्जनको विधि अवलम्बन गर्ने। |

### ५.३ कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

१. 'नेपाल प्रहरी रणनीतिक योजना २०८३-०८५' को कार्यान्वयन रणनीतिमा आधारित कार्ययोजना, गृह सचिव र प्रहरी महानिरीक्षकबीचको कार्यसम्झौता, प्रहरी महानिरीक्षक र मातहतका जिल्ला तहसम्म हुने कार्यसम्झौताको श्रृङ्खलाको माध्यमबाट गरिनेछ। यस क्रममा योजनाहरूको विकासलाई यसै रणनीति अनुरूप सामञ्जस्यता र सुसंगतता (Consistency and Coherence) कायम गरी विकास गरिनेछ।

२. रणनीति कार्यान्वयनको जिम्मेवारी मुलभूत रूपमा प्रहरी महानिरीक्षकको नेतृत्वमा नीति समन्वय समिति (Policy Coordination Committee) र नतिजाको ढाँचा (Result Framework) र यस रणनीतिको आधारमा निर्माण हुने कार्ययोजनामा उल्लिखित जिम्मेवार कार्यालय र सहयोगी कार्यालयहरूको हुनेछ। जिम्मेवार कार्यालयले तोकिएको समयमा कार्य प्रगति प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ।

३. कार्ययोजना कार्यान्वयनको अनुगमन गर्ने तथा सोको प्रतिवेदन गर्ने मुख्य जिम्मेवारी नेपाल प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना तथा विकास निर्देशनालयको हुनेछ। निर्देशनालयले कार्ययोजना कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कन गर्ने क्रममा आवश्यकता अनुसार सम्बन्धित कार्यालयहरू समेत अनुगमन गरी विस्तृत प्रतिवेदन तयार गर्नेछ।

४. कार्यान्वयनको प्रगति प्रतिवेदन तथा अनुगमन सहजताका लागि कार्यान्वयनको प्रगति अनुगमन सफ्टवेयर (Implementation Progress Tracking Software) निर्माण गरी कार्यान्वयन गरिनेछ।

५. अन्वेषण योजना तथा विकास निर्देशनालयले योजनाको प्रगति समीक्षाका लागि त्रैमासिक रूपमा प्रगति समीक्षा बैठक (Progress Evaluation Meeting) को आयोजना गर्नेछ। निर्देशनालयले प्रगति सम्बन्धमा मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदनहरू तयार गरी प्रहरी महानिरीक्षक समक्ष पेश गर्नेछ।